प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १८५ | काठमाडौं | सोमबार, १६ कात्तिक २०८३ | Prabhab National Daily | Monday, 02 November 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-

पत्रकार थुन्ने आतंकमा वालेन्द्र-बेनको मजाक !

प्रधानमन्त्रीको अभिव्यक्तिले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय कानुन, नेपालको संविधान, हाम्रा कानुनहरु र स्थापित मान्यताहरुकै हाँसीमजाक गरेको छ ।

रामप्रसाद दाहाल
महासचिव, नेपाल पत्रकार महासंघ

प्रधानमन्त्री र उनका प्रमुख राजनीतिक सल्लाहकारका स्टाटस टिप्पणी गर्नलायक छैनन् । यस्ता हावादारी स्टाटस ।

तारानाथ दाहाल
अध्यक्ष, फ्रिडम फोरम



वालेन्द्र शाह
प्रधानमन्त्री



कुमार बेन
प्रमुख राजनीतिक सल्लाहकार

■ जेबी योज्जन

काठमाडौं– विनापुर्जी पत्रकार पक्राउ गर्ने र सञ्चारगृहमा प्रहरी परिचालन गर्ने घटनाको चौतर्फी विरोध भइरहेका बेला प्रधानमन्त्री वालेन्द्र शाह र उनका प्रमुख राजनीतिक सल्लाहकार कुमार बेनले व्यंग्य र चेतावनीपूर्ण अभिव्यक्ति दिन थालेका छन् ।

प्रधानमन्त्री कार्यालयले २८ जना पत्रकार पक्राउ गर्न खोजेको भन्ने समाचार आइतबार प्रकाशित भएपछि बेनले केही पत्रकारलाई 'मेन्सन' गर्दै सामाजिक सञ्जाल फेसबुकमा लेखे, 'यो २८ जना पत्रकारमा को-को पर्‍यो हो ? २८ मा नपर्ने नि के पत्रकार भन्नु हैन साथी हो ।' बेनको स्टाटसमा प्रधानमन्त्री शाहले पनि ठटचाउली शैलीमै प्रतिक्रिया दिए । उनले लेखे, 'कुपोण्डोल जानेमात्रै पत्रकार ? अरू कलाकार ?'

त्यसको केही घण्टापछि प्रधानमन्त्री शाहले स्टाटस लेख्दै चेतावनी दिए । उनले लेखे, 'सही समय आएपछि सबैको गलत समय आउँछ, एक-दुई जना उम्किन्छु भनेर सपना नदेखे हुन्छ ।' प्रधानमन्त्रीको उक्त स्टाटसमा सल्लाहकार बेनले नै टिप्पणी गर्दै 'सही समय कहिले आउँछ ? शनिबार कि आइतबार ?' लेखेका छन् ।

यसरी सामाजिक सञ्जालमा प्रधानमन्त्री र उनका प्रमुख राजनीति सल्लाहकारले गम्भीर विषयलाई सामान्य व्यक्तिले जसरी ख्यालठट्टाको विषय बनाइएकोप्रति सरोकारवालाले गम्भीर आपत्ति जनाएका छन् । प्रधानमन्त्री शाहको अभिव्यक्तिलाई दुई कोणबाट विश्लेषण गरिएको छ । पहिलो, यसअघि पक्राउ गर्न खोजिए पनि फेला नपरेका पत्रकारलाई पक्राउ गर्ने ।

⏭ क्रमशः पृष्ठ २ मा



प्रतिपक्षी अवतारमा बल्ल उत्रियो कांग्रेस

प्रधानमन्त्री शाहको हुकुमी शासनविरुद्ध कडा प्रतिवाद गर्ने उद्घोष

- 'वी आर द स्टेट' भन्दै वालेन सरकार हुकुमी शासन चलाउन उद्धत भएको दाबी
- देशलाई 'पुलिस स्टेट' बनाउन खोजिएको आरोप
- न्यायपालिकाको निष्पक्षतामाथि गम्भीर प्रश्नः इनम सापकोटा प्रकरणले कांग्रेसलाई चिन्तित बनाएको भनाइ
- सरकारलाई आर्थिक सुधारमा केन्द्रित हुन थापाको सुझाव
- 'लाइक' र 'कमेन्ट'को राजनीतिमा रमाइरहेको भन्दै प्रधानमन्त्री शाहमाथि थापाको तीखो व्यंग्य

■ प्रभाव संवाददाता

काठमाडौं– फागुन २१ को निर्वाचनपछि बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार स्वेच्छाचारी ढंगले अघि बढिरहेको छ । सुशासनको नारा उछालेर सत्तामा पुगेको दलको सत्ताले कहिले सञ्चारमाध्यमका अगाडि बेवारिसे सवारीसाधन रोकेर त्रास फैलाउने त कहिले समाचारकक्षमै प्रवेश गरेर सञ्चारकर्मीमाथि धरपकड गर्ने ।

यस्तो अवस्थामा जनताबाट चुनिएका प्रधानमन्त्री र सरकारलाई प्रश्न गर्ने र अडिट गर्ने ठाउँ हो, प्रतिनिधिसभा । तर प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सदनमा सरकारको कदमको कडारूपमा प्रतिवाद गर्न सकेन । जसकारण धेरैले कांग्रेसमाथि लगाउने आरोप हो- रास्वपाकै पछि लाग्यो प्रतिपक्षी ।

संसद्मा प्रमुख प्रतिपक्षी दलका नेता हुन्, भीष्मराज आङ्देम्बे । बेलाबेला आङ्देम्बेले गरेका सम्बोधनहरू चर्चामा आए पनि प्रतिपक्षी दलहरूले सदनमा प्रतिवाद गर्ने जनमुखी विषयमा आवाज उठाउन चुकिरहच्यो । पछिल्ला दिनमा त संसद् छलेर अध्यादेश ल्याउनेदेखि प्रशासन र प्रहरी तर्साउने काममा सरकार उद्धत छ नै । सामाजिक सञ्जालमा फट्टफुट्ट विरोध हुँदासमेत प्रतिपक्षी मौन देखिएको थियो ।

बलियो प्रतिपक्षीको अभाव

खट्किरहेको बेला कांग्रेस सभापति गगन थापा प्रतिपक्ष अवतारमा प्रस्तुत भएका



छन् । आइतबार दिउँसो सानेपामा सरकारले पत्रकार थुनेको विषयबाट सुरु गरेका थापाले राज्यले स्वेच्छाचारिताको सीमा नाघेको बताए । 'प्रतिपक्षको निगरानी' ब्यानर टाँगेर उनले प्रधानमन्त्री वालेन्द्र शाहले हुकुमी शासन सुरु गरेको आरोप लगाए । 'अब एउटा सानो समूह छ, जसले 'वी आर द स्टेट' अर्थात् राज्य हामी नै हौं भन्न थालेको छ । हामीले बोलेको कुरा वक्तव्य होइन, हुकुम हो भन्ने ठान्न थालेको छ । राज्यका जति पनि निकाय छन्, संस्थाहरू छन्, अड्डा, अदालत र प्रहरी छन्, यी सबै हाम्रा निजी आदेश पालना गर्ने कार्यालय हुन् भन्ने सोच देखिन थालेको छ,' थापाले भने, 'यो भनेको के हो ? यो भनेको शक्तिको स्वेच्छाचारी प्रयोग हो । यो प्रवृत्तिले अब हद नाघेको छ । इट् क्रस द लिमिट । यसले हद नाघ्यो ।'

यसअघिका दिनमा कांग्रेसले रास्वपालाई साथ दिएको उल्लेख गर्दै उनले अबका दिनमा चुप नबस्ने चेतावनीसमेत दिए । 'जहाँ साथ दिनुपर्ने दिन्छौं, जहाँ सहयोग गर्नुपर्ने गर्छौं । तर जहाँ डेमोक्रेसीको कुरा हुन्छ, लोकतन्त्रको कुरा हुन्छ, नागरिकको अधिकारको कुरा हुन्छ, जनताको मौलिक हकको कुरा हुन्छ र यी विषयहरूका सन्दर्भमा भने सरकारले सीमा नाघ्छ भने त्यो बेलामा फेरि हामी चुप बस्दैनौं । हामी आवश्यकता पर्‍यो भने प्रतिवाद र प्रतिरोध पनि गर्छौं । आज त्यस्तै परि स्थिति आएको छ,' सभापति थापाले भने ।

पत्रकार पक्राउको प्रकरणसँग थापाले सिँचाइ विभागका महानिर्देशक र सुनकोसी-मरिण डाइभर्सन आयोजनाका कर्मचारीलाई प्रहरीले धरपकड गरेको विषयसमेत सम्बोधन गरे । प्रहरीले कर्मचारी र व्यवसायीलाई मनलाग्दी तरिकाले धरपकड गर्न लागेको उल्लेख गर्दै सभापति थापाले 'पुलिस स्टेट' बनाउन खोजिएको विषयलाई सामान्य रूपमा लिन नहुने बताए ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

नेपाल र मौरिससबीच जिटुजी सम्झौताको तयारी



■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल र मौरिससबीच सरकार-सरकार (जिटुजी) प्रणालीमार्फत श्रमिक भर्ती गर्ने प्रक्रिया अघि बढेको छ । नेपाली श्रमिकका लागि सुरक्षित, मर्यादित र रोजगारदाताले लागत व्यहोर्ने सिद्धान्त (इम्प्लोयर्स पे मोडल)बाट श्रमिक पठाउने उद्देश्यले उक्त प्रक्रिया अघि बढेको युवा, श्रम तथा रोजगार मन्त्रालयले जनाएको छ ।

नेपालको प्रस्तावलाई अघि बढाउँदै मौरिसस जिटुजी प्रणालीको प्रक्रियाका लागि सहमत भएको मन्त्रालयको भनाइ छ । मन्त्रालयका अनुसार मौरिससको नयाँ दिल्लीस्थित उच्च आयोगले सन् २०२६ अक्टोबर २९ मा नेपालको परराष्ट्र मन्त्रालयलाई औपचारिकरूपमा पत्राचार गर्दै समझदारीपत्रको संशोधित मस्यौदा उपलब्ध गराएको हो । प्रस्तावित समझदारीमार्फत उत्पादन, निर्माण, कृषि, पर्यटन तथा सूचना प्रविधिलगायतका क्षेत्रमा नेपाली श्रमिकका लागि आकर्षक पारिश्रमिक र सेवा सुविधासहितका रोजगारीका अवसर विस्तार गर्ने लक्ष्य राखिएको छ ।

मस्यौदामा सरकारी तहबाट सञ्चालन हुने भर्ती संयन्त्र, दक्ष तथा तालिमप्राप्त श्रमिकको छनोट, दुवै देशका कानुनअनुरूप भर्ती प्रक्रिया, रोजगारदाताको जिम्मेवारी, श्रमिकको अधिकार...

⏭ क्रमशः पृष्ठ २ मा



आँबुखैरेनीमा माइक्रो दुर्घटना, चालकसहित ११ जना घाइते



तनहुँ (प्रस)– पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ बरादीस्थित आइतबार साँझ माइक्रो दुर्घटना हुँदा चालकसहित ११ जना घाइते भएका छन् । मुग्लिङबाट पोखरातर्फ आउँदै गरेको बा४ख ८४१९ नम्बरको माइक्रो चालकले नियन्त्रण गुमाउँदा डाइभर्सनका लागि राखिएको सिमेन्टेड डिभाइडरमा ठोक्किएर दुर्घटना भएको हो । दुर्घटनामा स्याङ्जाको पुतलीबजार नगरपालिका-१ निवासी ३७ वर्षीय चालक भद्रबहादुर शाह, कास्कीको पोखरा महानगरपालिका-७ बस्ने ६३ वर्षीया राधादेवी बराल, ७३ वर्षीय लीलाधर बराल घाइते भएका छन् ।

यस्तै, पर्साको सखुवा पर्सौनी बस्ने ३५ वर्षीया सपना चौधरी, कास्कीको पोखरा महानगरपालिका-१३ बस्ने ७३ वर्षीया चुनकुमारी गुरुङ, ४९ वर्षीया राधा गुरुङ, ३७ वर्षीय राजकुमार श्रेष्ठ, बागलुङको बडीगाड-७ बस्ने २५ वर्षीय विपिना विक, महोत्तरी बलवा नगरपालिका-७ बस्ने ३६ वर्षीय रूपेश मिश्र घाइते भएका जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

यस्तै तनहुँको व्यास नगरपालिका-१ बस्ने २३ वर्षीय विकास ठकुरी, बन्दीपुर गाउँपालिका-२ बस्ने २८ वर्षीया सृजना अछामी घाइते भएका छन् । घाइतेलाई उपचारका लागि आँबुखैरेनी अस्पताल पठाइएको प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिए ।

क्याथल्याबसहित मुटुरोगको उपचार सेवा सञ्चालन गर्न सहयोग गरिने

भक्तपुर (प्रस)– बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले भक्तपुरमा क्याथल्याबसहित मुटुरोगको उपचार सेवा सञ्चालन गर्न लागिरहेको बताएका छन् ।

मध्यपुर्थिमि नगरपालिकास्थित नेपाल-कोरियामैत्री नगरपालिका अस्पतालको आइतबार अनुगमनका गर्दै मुख्यमन्त्री थापामगरले हृदयघातका बिरामीको ज्यान बचाउन भक्तपुरमा मुटुरोगको उपचार गर्ने अस्पताल आवश्यक रहेको बताएका हुन् ।

मुख्यमन्त्री थापामगरले नेपाल-कोरियामैत्री नगरपालिका अस्पताललाई क्याथल्याबसहितको मुटुरोग सेवा सञ्चालन गर्न आग्रह गर्दै क्याथ ल्याब सञ्चालनका लागि प्रदेश सरकारले सहयोग गर्ने बताए ।

उनले भने, 'भक्तपुरमा मुटुरोगको उपचार सुरु गर्नुपर्ने अत्यावश्यक छ, त्यसका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्छ । यस अस्पतालमा क्याथ ल्याब सेवा सञ्चालन गर्नुस्, त्यसका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्छ ।'

प्रत्येक नागरिकले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पाउनुपर्ने बताउँदै उनले प्रत्येक नागरिकलाई सरल, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु सरकार तथा स्वास्थ्य संस्थाको उत्तिकै दायित्व रहेको बताए । मुख्यमन्त्री थापामगरले अस्पताललले प्रवाह गरेका सबै सेवाको अनुगमन गर्नुका साथै बिरामीसँग भेट गरी अस्पताललले प्रवाह गरेको सेवा र सन्तुष्टिबारे जानकारी लिएका थिए ।

अनुगमनमा अस्पतालका स्वास्थ्य निर्देशक डा. डिके रौशनले अस्पताललले प्रवाह गरेको सबै सेवाका बारेमा मुख्यमन्त्री थापालाई जानकारी गराएका थिए । अस्पताललले विस्तार गरेको नयाँ बन्दै गरेको भवनको बारेमा जानकारी दिँदै उनले अस्पताललाई १०० शयचामा विस्तार गर्नका लागि प्रदेश सरकारबाट अनुमति प्रदान गर्न आग्रह गरे ।

उनले भने, 'दक्षिण कोरिया सरकारको सहयोगमा सुविधा सम्पन्न नयाँ भवन निर्माणको अन्तिम चरणमा पुगेको छ, देशभरका बिरामीको चाप एकदमै बढ्दो छ, दैनिक एक हजारभन्दा बढी बिरामी आउँछन्, अस्पताल १०० शयचामा सञ्चालन गर्न अनुमति माग गरेका छौं, अनुमति दिन आग्रह गर्दछौं ।'

अस्पतालको प्रशासन प्रमुख रूपेश श्रेष्ठले अस्पताललले पूरा गरेका सेवा र कार्य विवरणका बारेमा मुख्यमन्त्री थापामगरलाई जानकारी गराएका थिए ।

पृष्ठ १ बाट क्रमशः

प्रतिपक्षी अवतारमा...

'उठाऊ, उठाऊ केटो हो, बाटोबाटै उठाऊ भन्ने कुरा के हो ? यो कसरी भइरहेको छ ? किन भइरहेको छ ? हामीले पुलिस स्टेट बनायौं भने यसले हामीलाई कहाँ पुऱ्याउँछ ? यो विषयलाई सामान्य रूपमा लिनु हुँदैन भन्ने नेपाली कांग्रेस स्पष्ट पार्न चाहन्छ,' सभापति थापाले भने ।

थापाले फिक्सरका रूपमा प्रचार गरिएका इनम सापकोटाले सर्वोच्च अदालतमा गरेको आर्थिक लेनदेनले कांग्रेसलाई चिन्तित तुल्याएको बताए । केही दिनयता थुनामा रहेका सापकोटाको कनेक्सन प्रधानन्यायाधीश डा. मनोज शर्मादेखि अन्य न्यायाधीशसम्मै रहेको गोप्य हवाट्सएप कुराकानी बाहिरिएसँगै यसको निष्पक्षतामाथि प्रश्न उठेको थापाको भनाइ थियो ।

'प्रधानमन्त्री कार्यालयको हवाला दिएर अदालतमा चलिरहेको मुद्दाका सन्दर्भमा प्रधानमन्त्री वा कार्यपालिकाको चाहना यस्तो छ भनेर बिचौलियाले भनेको भन्ने विवरण बाहिर आएको छ । यस्ता कुरा भइरहेका छन् भने अदालत स्वतन्त्र छ त ? निष्पक्ष छ त ? निर्भीक छ त ? कतिपय आर्थिक लेनदेनका कुरा पनि बाहिर आएका छन् । यी विषय अत्यन्त गम्भीर छन् र यसले नेपाली कांग्रेसलाई चिन्तित बनाएको छ,' थापाले भने ।

अर्थतन्त्र बलियो बनाउनेतिर सरकारको ध्यान जनुपर्नेमा जोड

सभापति थापाले देशको अर्थतन्त्र कमजोर भएको बेला यसलाई उकास्नतिर लाग्न सरकारलाई सुझाए । अहिले बैंकमा पैसा थुप्रिएको र अर्थतन्त्र टक्सिएको उल्लेख गर्दै थापाले यो अर्थतन्त्र सुधार्ने बेला भएको बताए । यस्तो बेला व्यवसायी वा पत्रकार उठाउनेभन्दा पनि अर्थतन्त्रलाई सुधार गर्नतिर सरकार लाग्नुपर्ने उनको भनाइ थियो । 'बैंकमा पैसा थुप्रिएको छ । कर्जा परिचालन हुँदैन । विश्व बैंकके प्रतिवेदनअनुसार बैंकिङ प्रणाली दबाबमा छ । बैंकको पैसा उठेको छैन । साना उद्यमीले किस्ता तिर्न सकेका छैनन् । मूल्यवृद्धि अकासिएको छ । यस्तो बेलामा अर्थतन्त्रतर्फ फोकस्ड हुनुपर्ने हो । तर, यहाँ उहाँहरू कसलाई कहिले उठाउने भन्ने कुरामा केन्द्रित हुनुहुन्छ,' थापाले भने ।

उनले सरकारले सबै क्षेत्रलाई तर्साएर शासन गर्न खोजेको भन्दै विश्वासको सबैभन्दा ठूलो समस्या देखिएको बताए । 'कर्मचारी, व्यवसायी थुरथुर छन् । नेपाल प्रहरीमा त्यही समस्या छ । अदालतको हालत त्यस्तै छ । यसरी तर्साएर शिथिल भएको अर्थतन्त्रलाई अगाडि बढाउन सकिँदैन । अहिले डर होइन, विश्वास र भरोसा चाहिएको हो,' उनले भने ।

सभापति थापाले अनुमान नै गर्न नसकिने अवस्थामा लगानी आउन नसक्ने र पछिल्लो समय एक रूपैयाँ पनि लगानी विदेशबाट नआएको भन्दै सुशासन र आर्थिक सुधारका लागि कांग्रेस २४सै घण्टा सरकारसँग मिलेर काम गर्न तयार रहेकोसमेत बताए । थापाले पक्राउ गर्दा र छाड्दा 'लाइक' र 'कमेन्ट' आएकोमा नै सरकार रमाइरहेको र आर्थिक सुधारका मुद्दामा ध्यानै नदिएको आरोप लगाए । 'समातेको मान्छे छाड्दा भरर लाइक आएकोमा लाइक र कमेन्टमा सरकार रमाइरहेको छ,' उनले प्रधानमन्त्री शाहलाई व्यंग्य गर्दै भने ।

■■■

पत्रकार थुन्ने...

दोस्रो, पत्रकार पक्राउको विरोध गर्नेहरू पनि उम्किदैन । नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले उनीहरूको अभिव्यक्तिले प्रेस स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय कानुन, संविधान र स्थापित मान्यताकै उपहास गरेको बताएका छन् । दाहालले प्रभावसँग भने, 'यो प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय कानुन, नेपालको संविधान, हाम्रा कानुनहरू र स्थापित मान्यताहरूकै हाँसीमजाक गरेका हुन् ।'

फ्रिडम फोरमका अध्यक्ष तथा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहालले प्रधानमन्त्री शाह र उनका सल्लाहकार बेनको स्टाटस पत्रकार पक्राउको घटनाबाट उठेको आलोचना विषयान्तर गर्ने प्रयासका रूपमा टिप्पणी गरेका छन् । 'पत्रकारलाई समाचार लेखेकै आधारमा विनापुर्जी पक्राउ गरिएको घटनाको चौतर्फी आलोचना भएपछि ध्यान अन्तै मोड्न खेलिएको खेल हो यो,' उनले भने ।

दाहालले प्रधानमन्त्री र उनका प्रमुख राजनीतिक सल्लाहकारका स्टाटस टिप्पणी गर्नलायकसमेत नरहेको बताए । उनले भने, 'प्रधानमन्त्री र उनका प्रमुख राजनीतिक सल्लाहकारका स्टाटस टिप्पणीलायक छैनन् । यस्ता हावादारी स्टाटस ।'

गत शुक्रबार प्रहरीले नेपाल प्रेसका पत्रकार विश्वमणि सुवेदी, मोटिभेट न्युजका सम्पादक शोभराज बराल र डिएनए खबरका प्रधानसम्पादक धीरज बस्नेतलाई नियन्त्रणमा लिएको थियो । उनीहरूलाई समाचारसँग सम्बन्धित विषयमा सोधपुछ गर्न भन्दै अपराध अनुसन्धान कार्यालय टेकु लगिएको थियो ।

त्यस्तै, नयाँ पत्रिका दैनिकका सुरक्षा संवाददाता नवराज मैनालीलाई पक्राउ गर्न प्रहरी टोली समाचारकक्षभित्रै पुगेको थियो । पक्राउ पुर्जी र कानुनी आधार मागेपछि प्रहरी उनलाई लिएर जान सकेन । सोही दिन अनामनगरस्थित दियो पोस्टको कार्यालयमासमेत प्रहरी पुगेको थियो । नेपाल प्रेसले प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई हटाउने तयारी भइरहेको समाचार प्रकाशित गरेको थियो । नयाँ पत्रिकाले सर्वोच्च अदालतका न्यायाधीश हरि फुयाल र बिचौलिया इनम सापकोटाबीचको हवाट्सएप संवाद सार्वजनिक गरेको थियो । त्यस्तै, दियोपोस्टले प्रधानन्यायाधीश मनोजकुमार शर्मा, न्यायाधीश फुयाल र रास्वपा सांसद विश्वराज पोखरेलको नाम जोडिएको हवाट्सएप संवाद सार्वजनिक गरेको थियो ।

लगत्तै प्रधानमन्त्रीको सचिवालयले प्रहरीलाई ती सञ्चारगृहका पत्रकारहरूलाई पक्राउ गर्न पटक-पटक दबाब दिएको विवरण सार्वजनिक भएको थियो । तर, प्रधानमन्त्रीको सचिवालयले भने सुरुमा पत्रकार पक्राउको घटनाबारे अनभिज्ञता प्रकट गर्दै प्रधानमन्त्री कार्यालयको निर्देशन र संलग्नता नभएको दाबी गरेको थियो ।

यो घटनाको नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल, नेपाल बार एसोसिएसन, राजनीतिक दल तथा नागरिक समाजले विरोध गरेका छन् । व्यापक विरोधपछि नियन्त्रणमा लिइएका पत्रकारलाई शुक्रबार साँझ रिहा गरिएको थियो । तर, पक्राउको कानुनी आधार र अदालतको अनुमति अझै पनि सार्वजनिक भएको छैन ।

■■■

नेपाल र...

तथा कल्याण र करार अवधि अन्त्य भएपछि स्वदेश फिर्तासम्बन्धी व्यवस्थाहरू समावेश गरिएका छन् । यसअघि सन् २०२६ जुन नौमा स्विट्जरल्याण्डको जेनेभामा नेपालका युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादव र मौरिससका श्रम तथा औद्योगिक सम्बन्धमन्त्री मोहम्मद रेजा कसाम उतेमबीच भएको द्विपक्षीय भेटवार्तामा मन्त्री यादवले जिटुजी प्रणालीमार्फत श्रम सहकार्य विस्तार गर्ने प्रस्ताव गरेका थिए । सो क्रममा मौरिससका श्रममन्त्री उतेमले श्रमिक भर्तीको खर्च रोजगारदाताले व्यहोर्ने व्यवस्था रहेको जानकारी दिँदै नेपाली श्रमिकका लागि थप रोजगारीका अवसर सिर्जना गर्न तथा नेपालमा अन्तर्राष्ट्रिय रोजगार मेला आयोजना गर्न इच्छुक रहेको बताएका थिए ।

नेपाल सरकार प्रस्तावित संशोधित समझदारीपत्रलाई अन्तिम रूप दिन आवश्यक आन्तरिक प्रक्रिया शीघ्र सम्पन्न गरी मौरिससँगको श्रम सहकार्यलाई अघि बढाउन प्रतिबद्ध देखिएको छ । यसले नेपाली श्रमिकका लागि आकर्षक, सुरक्षित र मर्यादित रोजगारीका अवसर विस्तार गर्ने विषयलाई सरकारको प्राथमिकता दिएको देखिन्छ । यो समझदारीपत्रसम्बन्धी प्रगतिले श्रम मन्त्रालय सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगारीका अवसर सुनिश्चित गर्न विद्यमान तथा नयाँ गन्तव्य मुलुकसँग श्रम कूटनीतिलाई थप सुदृढ बनाउन निरन्तर लागि परेको स्पष्ट पार्ने मन्त्रालयले दावी गरेको छ ।

मरिसस नेपालीहरूको महत्त्वपूर्ण श्रम गन्तव्य मध्यमा पर्छ । उक्त मुलुकमा संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर प्रत्येक वर्ष हजारौं युवाहरू रोजगारीमा जाने गरेका छन् । गत आर्थिक वर्ष २०८२/८३ मा छ हजार ३३४ जना श्रम स्वीकृति लिएर उक्त मुलुक गएको तथ्यांक छ । त्यसअघि आव २०८१/८२ मा पाँच हजार ७४० जना गएका थिए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०५/१४ मा दर्ता भएको यस **राहुल लिकर स्टोर प्राइभेट लिमिटेड** (प्रा.लि.नं. १७४१२५) कम्पनी यस कार्यालयको मिति २०८३/०७/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

घर खाली गरिदिने बारेमा सूचना

ल.पु.मा.न.पा. वडा नं. १८ श्री हिमाल विल्स प्रा.लि प्रकाश बलामीले प्रयोग गरि आइरहेको घर २०८२ चैत महिनादेखि हालसम्म घर भाडा नदिएको हुदाँ घर खालि गरिदिनु हुन अनुरोध छ ।

घरधनी लुना भारती

हकदावीको सूचना

लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्ला, कृष्णनगर न.पा.नं. ९ बस्ने बेनी माधवको नाती, राम लखन कुर्मिको छोरा, गंगाराम चौधरीको मिति २०८२।०६।१४ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता न ०३४०५०५०२६१५७९ मा भएको सम्पुर्ण रकम निजकी श्रीमती चनरमती चौधरी सबैभन्दा नजिकको हकवालाको हैसियतले आफुलाई उपलब्ध गराई पाँउ भनी आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB नेपाल इन्भेस्टमेन्ट मगज बैंक लि. **शाखा कार्यालय, कृष्णनगर, कपिलवस्तु**
फोन नं. ०७६-५२०७६४

खयर काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०७/१६

मालेढुङ्गा भीर सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट उत्पादन भई जिल्ला भोजपुर हतुवागढी गा.पा. वडा नं. ८, लट नं.-१ बडहरे र लट नं.-२ गोपालेवारीमा घाटगद्दि गरि राखिएको खयर जातको पलाँस सहितको १७८४.७६ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (**एकाइस**) **दिन**भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, हतुवागढी गा.पा. ८, बारीगाउँ, भोजपुरको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री मालेढुङ्गा भीर सामुदायिक वन उपभोक्ता समूह
हतुवागढी गाउँपालिका वडा नं. ८, बारीगाउँ, भोजपुर, सम्पर्क नं.: ५८१३६७०४५४(अध्यक्ष),५८४२२४०७५(कोषाध्यक्ष)

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

सोमबार, १६ कात्तिक, २०८३

मेष रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो सहयोग मिल्नेछ ।

वृष साथीभाइबाट सहयोग मिल्नेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् ।

मिथुन मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा ध्यान दिनुहोला ।

कर्कट आत्मविश्वास बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ ।

सिंह काममा सफलता मिल्नेछ । स्वास्थ्य र आराममा ध्यान दिनुहोस् ।

कन्या नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ । आम्दानीका स्रोत बढ्ने संकेत छ ।

तुला मनमा उत्साह बढ्नेछ । रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ ।

वृश्चिक कामको दबाव बढ्न सक्छ । धैर्य र संयमले समस्या समाधान हुनेछ ।

धनु काममा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको संकेत छ ।

मकर नयाँ अवसर प्राप्त हुन सक्छ । बोलीमा संयम अपनाउनुहोस् ।

कुम्भ महत्त्वपूर्ण काम पूरा हुने दिन छ । पारिवारिक सम्बन्ध सुमधुर रहनेछ ।

मीन नयाँ योजना बनाउन अनुकूल समय छ । यात्रावाट लाभ मिल्न सक्छ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शवबाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालयरशवबाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शवबाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

१६ कात्तिक, २०८३ (०२ नोबेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१५१.६३	१५२.२३
युरो	१	१६९.८६	१७०.५४
पाउन्ड स्टर्लिङ	१	२०३.६६	२०४.४७
स्विस फ्रैन्क	१	१८४.६४	१८५.३८
अस्ट्रेलियन डलर	१	१०६.६१	१०७.०३
क्यानाडियन डलर	१	१०८.६३	१०९.०६
सिङ्गापुर डलर	१	११८.७३	११९.२०
जापानी येन	१०	९.६४	९.६८
चिनियाँ युआन	१	२२.७९	२२.८८
साउदी अरब रियाल	१	४०.४०	४०.५६
कतारी रियाल	१	४१.६०	४१.७६
थाई भाट	१	४.५०	४.५२
संयुक्त अरब इमिरेट दिराम	१	४१.२९	४१.४५
मलेसियन रिङ्गेट	१	३७.३७	३७.५२
दक्षिण कोरियन वन	१००	११.३६	११.४०
स्विडिस क्रोनर	१	१५.४५	१५.५१
डेनिस क्रोनर	१	२२.७३	२२.८२
हङकङ डलर	१	१९.३३	१९.४१
कुवेती दिनार	१	४९१.९१	४९३.८५
बहराइन दिनार	१	४०१.६२	४०३.२०

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



कालभैरवको पूजा आराधना | विश्व सम्पदा सूचीमा सूचीकृत काठमाडौंको हनुमानढोका दरबार क्षेत्रमा अवस्थित कालभैरव मन्दिरमा पूजा आराधना, गर्दै भक्तजन। *तस्बिरः रासस*

नि:शुल्क र गुणस्तरीय शिक्षाको सुनिश्चिततामा जोड



■ **प्रभाव संवाददाता**

काठमाडौं– संविधानले प्रत्याभूत गरेको निःशुल्क र गुणस्तरीय शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने गरी विद्यालय शिक्षा विधेयक ल्याइनुपर्नेमा सांसद, नीति निर्माता, विज्ञ र अधिकारकर्मीहरूले जोड दिएका छन् ।

शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई) नेपालको १७औं वार्षिक साधारणसभाका अवसरमा आइतबार यहाँ आयोजित प्रस्तावित विद्यालय शिक्षा विधेयकमाथिको बहसमा वक्ताहरूले सार्वजनिक शिक्षा राज्यको दायित्व हुनुपर्ने, शैक्षिक सुसञ्चालनमा संघ, प्रदेश र स्थानीय तहको स्पष्ट अधिकार बाँडफाँट हुनुपर्ने र शिक्षामा पर्याप्त बजेट विनियोजन हुनुपर्ने बताएका छन् ।

कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले विगतको तुलनामा शिक्षामा सुधार भए पनि पर्याप्त नभएको विषयमा आएका सुझावलाई नीति निर्माताले ग्रहण गर्नुपर्ने बताए । उनले शिक्षामा बालमैत्री, समावेशीता, विद्यालय सुरक्षा र न्यूनतम् पूर्वाधारको उपलब्धता हुनुपर्नेमा जोड दिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित प्रतिनिधिसभा सदस्य कुसुम महर्जनले शिक्षाको सुधार सबैको दायित्व हो भन्ने भावनाका साथ काम गर्न आग्रह गर्दै सरकार र संसद्ले गर्नुपर्ने कामका लागि आफूहरूका तर्फबाट सक्दो सजीकरण हुने प्रतिबद्धता व्यक्त गरिन् । उनले विधेयकमा समावेश हुनुपर्ने विषयबारे घनीभूत संवाद गर्न र सबैलाई न्यायको अनुभूति दिलाउन अपनाउनुपर्ने उपायबारे सुझाव दिन आग्रह गरिन् ।

नेपाली कांग्रेसबाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा. प्रमिलाकुमारी गच्छदारले शिक्षामा कुल बजेटको कम्तीमा २० प्रतिशत विनियोजन हुनुपर्ने र सरोकारवाला पक्षले उठाएका विषय सम्बोधन हुनुपर्ने बताइन् । नेकपा एमालेबाट निर्वाचित प्रतिनिधिसभा सदस्य गुरूप्रसाद बरालले सरकारले सही ढंगले विद्यालय शिक्षा विधेयक ल्याएमा आफूहरूले त्यसलाई थप कार्यान्वयनमुखी बनाउन प्रयास गर्ने बताए ।

एमालेबाटै निर्वाचित प्रतिनिधिसभा सदस्य साजिदा खातुन सिद्धिकीले विधेयक निर्माणमा कुनै बाहिरी पक्ष हावी हुन नहुनेमा जोड दिँदै बालश्रमको स्पष्ट व्याख्या गर्न माग गरिन् । बागमती प्रदेशसभाकी सदस्य हरिप्रभा खड्गीले तीन तहबीचको अधिकारको बाँडफाँटमा रहेको अन्योल हट्नुपर्ने र नीति निर्माणमा कर्मचारीतन्त्र हावी हुन नहुने बताइन् ।

शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले नेपालको संविधानको मर्म र सरोकार भएका पक्षबाट प्राप्त सुझावलाई समेटेर विधेयक ल्याइने जानकारी गराए । सोही मन्त्रालयका पूर्वसचिव बालानन्द पौडेलले शिक्षाको नीतिगत पक्ष संघ सरकारको र विद्यालय शिक्षाको सञ्चालन/व्यवस्थापन स्थानीय तहको भएकाले त्यसलाई थप स्पष्ट गर्न सुझाव दिए ।

शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइरालाले हरेक स्थानीय तहले अनिवार्य र निःशुल्क शिक्षाको संविधानको व्यवस्था कार्यान्वयन हुन सक्ने किटानी अब ल्याइने विधेयकले गर्नुपर्ने बताए । शिक्षाविद् प्रा.डा. बालचन्द्र लुइँटेलले जनसांख्यिक अवस्थाको विश्लेषण गर्दै शिक्षामा स्रोतको पुनः व्याख्या गरे ।

नेपाल शिक्षक महासंघका अध्यक्ष सुन्दर पन्तले विद्यालय सुधारमा शिक्षकको कमजोरी भन्ने सोचबाट माथि उठ्न आग्रह गर्दै विधेयकमा ट्रेड युनियन अधिकारको सम्मान हुनुपर्ने माग गरे । राष्ट्रिय अपांग महासंघका प्रवक्ता गिरिधारी सुवेदीले अपांगता भएका विद्यार्थीलाई सहजरूपमा पढ्न पाउने अधिकारको कार्यान्वयन हुनुपर्ने बताए ।

एनसिई नेपालका अध्यक्ष लवराज ओलीले हालसम्म ४६ जिल्लामा सञ्जाल भएको र ५५० सदस्य रहेको आफूहरूको अभियानले सबै पक्षको सुझाव समेटेर सरकारलाई विधेयकबारे सुझाव दिने जानकारी दिए । कार्यक्रममा एनसिई नेपालको उत्कृष्ट जिल्ला सञ्जालका रूपमा रूपन्देही जिल्ला समितिलाई सम्मानित गरिएको थियो ।

'सडक सुरक्षा र ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरीको भूमिका महत्त्वपूर्ण'

काठमाडौं– प्रतिनिधिसभाको पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले काठमाडौं उपत्यकाको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरीको भूमिका महत्त्वपूर्ण रहेको बताएका छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले आइतबार यहाँ आयोजना गरेको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनसम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रममा सभापति गजुरेलले विगतका वर्षको तुलनामा उपत्यकाको ट्राफिक व्यवस्थापनमा सुधार आएको बताए ।

'विगतका वर्षको तुलनामा उपत्यकामा ट्राफिक व्यवस्थापन निकै राम्रो भएको छ । सडक सुरक्षा र ट्राफिक व्यवस्थापनमा ट्राफिक प्रहरीको भूमिका प्रशंसनीय छ,' उनले भने, 'सडक सुरक्षा सुनिश्चित गर्न सबैले ट्राफिक नियमको पालना गर्न आवश्यक छ ।' सभापति गजुरेलले बढ्दो सवारी चापलाई ध्यानमा राख्दै ट्राफिक व्यवस्थापनका लागि थप जनशक्ति परिचालन गर्नुपर्नेमा जोड दिए । उनले सुरक्षित आवागमनका लागि सम्बन्धित निकायबीच निरन्तर सहकार्य र साझा प्रतिबद्धता आवश्यक रहेको औंल्याए ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले सडक सुरक्षा, ट्राफिक नियमको पालना, सवारी दुर्घटना न्यूनीकरण तथा पैदलयात्रीको सुरक्षाका लागि ट्राफिक प्रहरी अहोरात्र खटिरहेको बताए । उनले ट्राफिक प्रहरी कर्मचारीले सेवामा प्रवेश गर्दा लिएको शपथअनुसार देश र नागरिकको सेवामा प्रतिबद्ध भएर काम गर्नुपर्ने उल्लेख गर्दै व्यक्तिगत रिसइवी नराखी निष्पक्ष र जिम्मेवार ढंगले कार्यसम्पादन गर्न निर्देशन दिए । साथै, आर्थिक अनियमिततामा शून्य सहनशीलता अपनाउनुपर्ने र सरकारबाट प्राप्त सेवा सुविधाप्रति असन्तुष्टि भए वैकल्पिक बाटो रोज्न सकिने उनको भनाइ थियो ।

प्रमुख काफ्लेले सडक सुरक्षा अभिवृद्धि, ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन तथा दुर्घटनामुक्त यातायात प्रणाली विकासका लागि जनचेतनामूलक कार्यक्रम र अन्तरक्रियालाई निरन्तरता दिइएको जानकारी दिए । कार्यक्रममा सहभागीले सवारी दुर्घटना कम गर्नका लागि चालक, पैदलयात्रीलगायत सबै सडक प्रयोगकर्ताले आफ्नो जिम्मेवारी पूरा गर्दै ट्राफिक नियमको पूर्ण पालना गर्नुपर्नेमा जोड दिएका थिए । *रासस*

अवरूद्ध बिपी राजमार्ग सञ्चालनमा

काभ्रे (प्रस)– अविरल वर्षाका कारण अवरुद्ध बनेको बिपी राजमार्गका विभिन्न स्थानमा पहिरो र लेदो पन्छाएपछि आइतबार बेलुकादेखि यातायात सञ्चालनमा आएका छन् ।

शुक्रबार र शनिबारको वर्षाले काभ्रेपलाञ्चोकको चौकीडाँडाबाट नेपालथोकसम्म विभिन्न स्थानमा पहिरो खस्नुका साथै सडकमा लेदो र ढुंगा थुप्रिएपछि शनिबार बिहानदेखि आवागमन अवरुद्ध भएको थियो । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रविन विष्टका अनुसार आइतबार बिहानदेखि डोजरको सहायताले पहिरो र लेदो हटाउन सुरु गरिएको थियो । सडक खुलाउन सुरक्षाकर्मी तथा प्राविधिक टोलीसमेत परिचालन गरिएको थियो । रोशी गाउँपालिका-९ पिन्थलीमा खहरे खोलाको ढुंगा र माटोसहितको लेदो तथा वडा नं ८ गिम्दीबेँसीमा खसेको पहिरो हटाएपछि पुनःयातायात सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल खोटाङ
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रकाशित मिति : २०८३/०७/१६ गते

यस कार्यालयबाट आ.व. २०८३/२०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार औषधिहरु खरिदको सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ ठेक्का नं DHK/G/NCB-2/2083/2084 को बोलपत्र आव्हान भई नियमानुसार पेस भएका ४ थान बोलपत्रहरु मूल्याङ्कन समितिमा पेस हुँदा मूल्याङ्कन समितिले सो सँग सम्बन्धित सम्पूर्ण कागजातहरुको प्राविधिक, कानुनी र आर्थिक मूल्याङ्कन समेत सम्पन्न गरी श्री युनिग्लोब हेल्थकेयर प्रा.लि.,तारकेश्वर ९ ले पेस गरेको जम्मा रु १३८५५०६८.६२ अक्षरुपी एक करोड अठतीस लाख पचपन्न हजार अठसट्ठी रुपैयाँ बयसट्ठी पैसा मात्र भएको बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ अनुसार खरिद प्रक्रियामा भाग लिएका सबै बोलपत्रदाताहरुलाई जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

जिल्ला अस्पताल खोटाङ

तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation officer - 2 (Female)
Prior experience in the manpower/recruitment field is required.
Salary: NPR 30,000 per month
(Office Timing : 10.00 AM - 5.00 PM)

नोटः +2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न, लेख्न सक्ने, सम्बन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

* आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

श्रम इजाजत नं. ३७३७११/०८२/०८३
Globe Asia Air International Overseas Pvt. Ltd
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9828880985
E-mail: info@globeasiaoverseas.com.np

युएइमा रोजगार कम्पनी : GEYON BEAUTY LOUNGE - SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०२/१३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०७/१५ | LT. No. 342731 | चलानी नं. ६०२५६०७७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Hairdresser	0	4	1500	६१,९४१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Cleaner I	0	1	1500	६१,९४१							
3	Beverage Maker	0	2	1500	६१,९४१							
4	Barber	0	2	1500	६१,९४१							
5	Assistant Technician/telecommunication	0	3	1500	६१,९४१							
6	Assistant Accountant	0	2	1500	६१,९४१							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २३ गते (9th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६९/०८०/०८१
ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

साउदीमा रोजगार कम्पनी : AL-HAQOUL CONTRACTING COMPANY SOLE PROPRIETORSHIP
पूर्व स्वीकृति मिति : २०८३/०७/१५ | LT. No. 349861 | चलानी नं.६०२६२९६७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव SR	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Construction Worker	14	0	1000	४०,३९४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २३ गते (9th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.२७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १९०३/०८२/०८३
Globe Asia Air International Overseas Pvt. Ltd
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9828880985
E-mail: info@globeasiaoverseas.com.np

कुवेतमा रोजगार कम्पनी : TANOOSHI SPA WOMEN HEALTH INSTITUTE AND SALON COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०७/१५ | LT. No. 349912 | चलानी नं.६०२६२९६९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव KD	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Beautician / manicurist / Nail Technician	0	10	150	७३,१०८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Hairdresser	0	10	150	७३,१०८							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २३ गते (9th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Employment Link Nepal Pvt. Ltd.
Tokha-10,Tokha Road, Samakhusi, Kathmandu, Nepal, Tel: +977-4371365, 4372698, 5900079,Cell; 9828880985
E-mail: elndocument@gmail.com, Website: www.employmentlinknepal.com
श्रम इजाजत नं. २९९/०५८/०५९

युएइमा रोजगार कम्पनी : STREAM RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C
पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१५ | LT. No. 321595 | चलानी नं. ६०२३५७१०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Helper	125	0	1000	४१,२९४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २३ गते (9th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५४०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

युएइमा रोजगार कम्पनी : ALBEDAYA ALNAASIA PAINTING CONTRACTING L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 349689 | चलानी नं. ६०२६२९७३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Masion	3	0	1500	६१,९४२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Construction Carpenter	3	0	1500	६१,९४२							
3.	Construction Steel Fixer	3	0	1500	६१,९४२							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २३ गते (9th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	निःशुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075

कुवेतमा रोजगारको अवसर कम्पनी : NUTREEZE RESTAURANT CO.
पूर्व स्वीकृति मिति : २०८२/०७/२७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०७/१५ | LT. No. 333636 | चलानी नं. ६०२४७३३३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव KD	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Butcher	2	0	150	७३,१०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Photographer	2	0	300	१,४६,२०९							
3.	Waiter/waitress	5	4	150	७३,१०५							
4.	Cleaners (Indoor)	2	0	150	७३,१०५							
5.	Chef De Partie	3	0	230	१,१२,०४८							
6.	Assistant Chef (Asst. Cook)	8	0	150	७३,१०५							
7.	Accountant Clerk	2	0	200	९७,४७३							

कम्पनी : NIELD CORNER LADIES BEAUTY SALON COMPANY
पूर्व स्वीकृति मिति : २०८३/08/१७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०७/१५ | LT. No. 345951 | चलानी नं. ६०२५९१३६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव KD	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Hair Dress/hair Stylist	0	2	150	७३,१०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Nail Technicial(Manicurist/pedicurist)	0	2	150	७३,१०५							
3.	Manicure & Pedicure Beautician	0	3	150	७३,१०५							
4.	Barista	0	3	140	६८,२३१							
5.	Car Driver (Light)	2	0	150	७३,१०५							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २३ गते (9th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००/-	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

सयुंक्त अरब इमिरेट्स (UAE) मा रोजगारको अवसर

AL BAYADER MORDEN IND.CO.LLC — UAE, Al Sharjah

पूर्व स्वीकृति मितिः २०२६/११/०१ | पत्र संख्याः ०८३/८४ | चलानी नं.: 60262970 | LT No. 349892

सि. नं.	कामदारको पद	माग संख्या (पु.)	माग संख्या (म.)	कामदारको न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब (ने. रू.)	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	सुविधा खान	सुविधा बस्न	करार अवधि	कामदार छनौटको तरिका
1	Mechine Operator	०७	००	सम्बन्धित काममा दक्ष	1500	61,941	क.को नियम अनुसार	८ घण्टा	६ दिन	क.को नियम अनुसार	छ	छ	२ वर्ष	अन्तर्वार्ता
2	Packers	१५	००		1200	49,553								
3	Stevedores	१४	००		1000	41,294								
4	Stock filler	१६	००		1200	49,553								

सेवा शुल्क	स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने	हवाई टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क
निःशुल्क	कामदार आफै	दिने (क. नि. अनुसार)	कामदार आफै	हुने/रोजगारदाता कम्पनीले	निःशुल्क	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित् भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला बुझाएको रकमको भरपाई अनिवार्य रूपमा लिनुहोला (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला (४) विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन् तालिम अनिवार्य लिनुहोला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को (१) एक प्रति आफुसंग राख्नुहोला । (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला छनौट भई भिषा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा बापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ । **कुल लागत खर्चः निःशुल्क**

फाइनल अन्तर्वार्ता मिति २०८३ कात्तिक २३ गते (Noc. 09, 2026) कम्पनीको कार्यालयमा हुनेछ ।

श्रम इजाजत पत्र नं. ७३/०५२/०५३
अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.
सुविधानगर, तिनकुने, काठमाडौं, फोनः ०१-४१०७९१३, मोबाइलः ९८५१०८४६७५ (खेम शेरचन)
Email: ars@arabrecruiting.com, www.arabrecruiting.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

सनकको शासन बन्द गर

झण्डै दुईतिहाइको सरकार सुशासन र स्थिरताका लागि हो । पटक-पटक गठबन्धनको सरकारबाट वाक्क भएका जनताले फागुन २१ गते नयाँ दलका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई भर गरेर दुईतिहाइ नजिकको मत दिएको थियो । यसको मूल कारण थियो पुराना दलको मनपरीतन्त्र र जुनसुकै काममा ढिलासुस्ती ।

गठबन्धन दलमा दलका नेताहरूलाई मनाउन मुस्किल हुन्थ्यो । सत्ता त्यही कारण केही समयमै ढल्थ्यो । यही कारण हो जनताले जेन-जी विद्रोह छेडेका । त्यही विद्रोहको जगमा हो रास्वपा नेतृत्वमा सरकार बनेको । तर यो सरकार अहिले न त जनताप्रति जवाफदेही छ, न त सदनप्रति । प्रधानमन्त्री वालेन्द्र शाह र सत्तारुढ दल रास्वपाको शासन अहिले सनकको भरमा चल्न थालेको छ । व्यवसायीलाई थुन्ने, पत्रकारलाई थुन्ने, सञ्चार क्षेत्रलाई त्रास फैलाउनेगरी सञ्चार गृह अगाडि गाडी रोक्नेदेखि प्रधानन्यायाधीशलाई घुस सेटिङसम्मका विषय छताछुल्ल भएका छन् ।

यतिमात्र हैन, सर्वसाधारण यौन प्रकरणमा मुछिँदा तुरुन्तै पत्राउ पर्ने तर रास्वपा सांसदसँग सम्बन्धित अडियो प्रकरण बाहिरिँदासमेत मौन छ । सरकारी नियुक्तिहरूमा रास्वपाले पुराना दललाई माथ खुवाएको छ । यसरी नै सुकुमबासीलाई उठाएर तितरवितर बनाए पनि दीर्घकालीन समाधान दिन सकेको छैन । रास्वपा सभापति रवि लामिछाने आफैं सहकारी प्रकरणमा मुछिएर आएका हुन् । सहकारी प्रकरणका कारण अहिले बैंकिङ क्षेत्र निकै संकटमा पुगेको छ ।

भ्रष्टाचारविरोधी शासनको मुद्दामा जनताले पत्याएको सरकारको ठाउँठाउँमा सेटिङ देखिएको छ । बिचौलियाहरू देखिन थालेका छन् । यो बीचमा जनताले प्रतिवाद गर्दा प्रधानमन्त्री शाह र उनका राजनीतिक सल्लाहकार कुमार बेनले पालैपालो सामाजिक सञ्जालमा यसमाथि व्यंग्य गरिरहेका छन् । बेनले आइतबार बिहान सामाजिक सञ्जालमार्फत पत्राउ पर्ने पत्रकारको सूचीबारे व्यंग्य गरेका थिए । यता प्रधानमन्त्री शाहले 'सही समय आएपछि सबैको गलत समय आउँछ, एक-दुई जना उम्किन्छु भनेर सपना नदेखे हुन्छ' भन्दै स्टाटस लेखे ।

प्रधानमन्त्रीले नीति बनाउन सहजीकरण गर्ने हो, देशको परि स्थिति सम्हाल्ने शक्ति खोज्ने हो । तर सनकको भरमा शासन चलाउन खोजेर नेतृत्व सामाजिक सञ्जालमा लाइक, कमेन्ट र सेयर खोजिरहेको छ । सर्वोच्च अदालतमा घुस प्रकरणलाई विषयान्तर गर्न प्रधानमन्त्रीले सामाजिक सञ्जालमा लुडो खेल र 'कलब्रेक' खेलकोसमेत चर्चा चलाए । गल्ती गर्ने तर उम्कने यो प्रवृत्ति पक्कै राम्रो हैन । यो पुरानो राजनीतिक दलको प्रवृत्ति हो । यस्तै गरिरहने हो भने यो सत्तामाथि 'जुन जोगी आए पनि कान चिरेकै' उखान चरितार्थ गराउन प्रयत्नशील भन्ने पुष्टि हुन्छ । सनकको भरमा शासन गर्ने यस्तो प्रवृत्ति तुरुन्त बन्द गर ।

श्रम सरोकार

वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाईंदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त वैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

लुम्बिनी र बुटवल जितगढीको एकसाथ विकासको सम्भावना



■ दामोदर खनाल

नेपाल साँच्चै विकासका लागि प्रचुर सम्भावना र आधार भएको देश हो । यहाँको प्राकृतिक सौन्दर्य, हिमाल, पहाड, तराई, वनजंगल र नदीनालाको भौगोलिक विविधताले विश्वका अन्य मुलुकलाई लोभ्याइरहेको छ । रूपन्देहीस्थित पवित्र भूमि लुम्बिनी र अंग्रेज फौज पराजित भएको बुटवलको ऐतिहासिक जितगढीको एकसाथ विकास गर्न सके प्रसस्त आन्तरिक तथा बाहच पर्यटक भित्रचाउन सकिने बलिया आधार र सम्भावनाहरू छन् ।

यद्यपि, हाम्रा नेतृत्व वर्गले यसको महत्त्व बुझ्नेर लक्षित योजनासहित अगाडि बढ्न सकेको देखिँदैन । जसका कारण हामी यस क्षेत्रको विकासमा पछाडि परेका छौं । दुईतिहाइ नजिकको वर्तमान वालेन्द्र सरकारले यस क्षेत्रको महत्त्व बुझ्नेर विकास निर्माणमा ध्यान दिन सके यस क्षेत्रले आर्थिक र पर्यटन विकासमा ठूलै फड्को मार्न सक्छ ।

पश्चिम नेपालको औद्योगिक एवं व्यापारिक केन्द्र बुटवलले लामो समयदेखि देशको आर्थिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । संघीय राजधानी काठमाडौंपछि दोस्रो आर्थिक राजधानी बन्न सक्ने रूपन्देही प्रसस्त आधार र सम्भावना भएको ठाउँ हो । बुटवललाई केन्द्र बनाएर समग्र लुम्बिनी प्रदेशको विकास गर्न सकिने सम्भावनाहरू छन् ।

लुम्बिनी प्रदेशको राजधानी नबन्दैमा बुटवललाई हलुका ढंगले आकलन गर्नुपर्ने अवस्था छैन । राजधानीका लागि प्रसस्त आधार र सम्भावना भएको रूपन्देही जिल्लाको जुन कुनामा राजधानी बनाए पनि प्रदेशवासीलाई सेवा लिन निकै सुविधा पुग्ने थियो; तर त्यसप्रति रूपन्देहीका जनप्रतिनिधिहरूले गम्भीर भएर सोच्न सकेनन् । यद्यपि, राजधानी नबन्दैमा बुटवल खत्तमै भयो वा यसको भविष्य सकियो भन्ने अवस्था भने छैन । यहाँ विकासका प्रसस्त आधारहरू छन्, तर यसका लागि नयाँ पुस्ताले खोजेका केही आधुनिक विकासका संरचनाहरू निर्माण गर्न भने आवश्यक छ ।

> लुम्बिनी प्रदेशको राजधानी नबन्दैमा बुटवललाई हलुका ढंगले आकलन गर्नुपर्ने अवस्था छैन । राजधानीका लागि प्रसस्त आधार र सम्भावना भएको रूपन्देही जिल्लाको जुन कुनामा राजधानी बनाए पनि प्रदेशवासीलाई सेवा लिन निकै सुविधा पुग्ने थियो; तर त्यसप्रति रूपन्देहीका जनप्रतिनिधिहरूले गम्भीर भएर सोच्न सकेनन् । यद्यपि, राजधानी नबन्दैमा बुटवल खत्तमै भयो वा यसको भविष्य सकियो भन्ने अवस्था भने छैन । यहाँ विकासका प्रसस्त आधारहरू छन्, तर यसका लागि नयाँ पुस्ताले खोजेका केही आधुनिक विकासका संरचनाहरू निर्माण गर्न भने आवश्यक छ ।

बैंकक पुगेर फर्केपछि पटक-पटक बुटवल र लुम्बिनी प्रदेशकै आर्थिक विकासको सम्भावनाबारे केही बहसहरू उजागर गर्ने प्रयास गरिएको थियो । तर, यसबारे यहाँका उद्योगी-व्यवसायी, जनप्रतिनिधि र सरोकारवाला निकायको खासै ध्यान गएको पाइँदैन ।

बुटवल पुरानो आर्थिक एवं व्यापारिक केन्द्र हो भने रूपन्देहीस्थित लुम्बिनी नेपालकै शान र अन्तर्राष्ट्रिय पर्यटकीय केन्द्र हो । चुरेको फेदीमा रहेको बस्ती, तिनाउ नदी र वीर नेपालीहरूले अंग्रेज फौजलाई हराएको जितगढी किल्ला बुटवललाई चिनाउने प्रमुख आधार हुन् ।

पाल्पाको नुवाकोटगढी र बसन्तपुर बुटवलबासीका लागि गर्मी छल्दै पहाड-हिमाल अवलोकन गर्नेमात्र नभई तराईको समथर भूभाग हेर्ने उत्कृष्ट गन्तव्य हुन्, जुन बुटवलसँगै जोडिएका छन् । सडक, बैंक तथा वित्तीय सुविधा र प्रसस्त उद्योग-कलकारखानाहरू स्थापना भइसकेको यस क्षेत्रको सामाजिक, आर्थिक र पर्यटन विकासका लागि अब नयाँ सोच र दृढ अठोटसहितको योजना आवश्यक छ ।

यहाँका नगरपालिकाहरूले निजी क्षेत्रसँगको हातेमालो र सहकार्यमा बुटवल र तिलोत्तमा नगरको सीमा मगरघाटदेखि माथिल्लो 'सिद्धबाबा सिद्धेश्वर (चिडियाखोला) सम्म करिब पाँच-छ किलोमिटर तिनाउ नदीमा डयाम बाँधेर जलाशय बनाउनुपर्छ । उक्त जलाशयमा २०-३० वटा डुंगा तथा स्टिमर चलाउने व्यवस्था गर्न सके बुटवलले साच्चै काँचुली फेर्ने छ ।

वारि बुटवलबाट पारि ऐतिहासिक जितगढी किल्ला र पुरानो बटौलीलाई जोड्ने आकर्षक र फराकिला झोलुंगे पुलहरू दुई-तीन ठाउँमा बनाई ठाउँ-ठाउँमा पानीका फोहोरा (वाटर फाउन्टेन) र आकर्षक बत्ती (लाइटिङ) दिने हो भने यसले बालबालिकादेखि युवा र वृद्धवृद्धासम्मको मन तान्न सक्छ ।

यस्तै, नदी किनारका विभिन्न स्थानमा 'सेल्फी जोन', कफी सेन्टर, रेस्टुरेण्ट तथा यस क्षेत्रका जलयात्रा (क्रुज), अण्डरग्राउण्ड मार्केट र भूमिगत रेल यातायातले पर्यटकलाई लोभ्याउने गर्छ ।

नेपालमा पुरानै सोच र कार्यशैलीबाट यस्तो विकासको कल्पना गर्न सकिन्न । तर पनि नेपालको अनुपम भू-बनावट, हिमाल, पहाड र तराईको प्राकृतिक सम्पदाका कारण विकासको सम्भावना भने प्रचुर छ । हाम्रा नेतृत्व वर्गमा केवल काम गर्ने दृढ इच्छाशक्तिको खाँचो छ ।

पछिल्लो समय बुटवलबाट बसन्तपुर डाँडा र नुवाकोटसम्म केबलकार निर्माण भएकाले प्रसस्त भारतीय पर्यटक आकर्षित गर्ने सम्भावना बढेको छ । यद्यपि, ती क्षेत्रमा पर्यटकका लागि आवश्यक पूर्वाधार थप्न बाँकी नै छ । बुटवललाई चलायमान बनाउन नुवाकोटदेखि बसन्तपुर डाँडा जोड्ने सुरक्षित आकर्षक पुल र ठाउँ-ठाउँमा भ्यु-पोइन्ट वा सेल्फी स्पट बनाउन सके पर्यटकहरूलाई अझ बढी लोभ्याउन सकिन्छ ।

बुटवलबाट करिब दुई घण्टाको पैदल यात्रा वा केवलकारबाट छोटो समयमै पुगिने यी दुई डाँडाबाट हिमाल, पहाड र तराईका दृश्यहरू एकसाथ अवलोकन गर्न सकिन्छ । तराईमा कडा गर्मी हुँदा पनि बसन्तपुर र नुवाकोट डाँडामा पुग्दा चिसो हावापानीको अनुभव हुन्छ । यस्तै विशेषताले पर्यटकलाई आनन्दको अनुभूति गराउँछ ।

लुम्बिनीमा विश्वको ध्यान

विश्वप्रख्यात पवित्र बुद्धभूमि लुम्बिनी रूपन्देहीमै रहेकाले बौद्धमार्गी पर्यटकहरूलाई लक्षित गरी विशेष योजना बनाउन आवश्यक छ । यसका लागि सबैभन्दा पहिले भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण र नियमितरूपमा सञ्चालनमा ल्याउने वातावरण बनाउनुपर्छ ।

सम्भावना भएर पनि यस क्षेत्रका सरोकारवाला निकायले कहिल्यै सूक्ष्मरूपमा सम्भाव्यता अध्ययन गरेका छैनन् । विशाल छिमेकी मुलुकहरू चीन र भारत हाम्रा लागि उत्पादित वस्तु र पर्यटनका ठूला बजार हुन सक्छन्, तर नेपाली युवाहरू भने स्वदेशमा अवसर नपाएर विदेशिन बाध्य छन् । सरकारले विकास र रोजगारीको स्पष्ट नीति बनाएर युवा शक्तिलाई रोक्न जरुरी छ ।

हामीले लुम्बिनीको माटो प्रयोग गरेर बुद्धका मूर्ति, चिनो (उपहार) र हस्तकलाका सामग्रीमात्रै बनाएर बिक्री गर्न सक्यौं भने पनि प्रसस्त आम्दानी हुन सक्छ र थुप्रैले रोजगारी पाउँछन् । विदेशी बौद्धमार्गीहरूले लुम्बिनीको महत्त्व बुझेका छन् र यसको खुलेर प्रशंसा गर्छन्, तर विडम्बना ! हामी नेपालीले नै यसको अन्तर्राष्ट्रिय महत्त्वलाई सहीरूपमा प्रयोग गर्न सकेका छैनौं । लुम्बिनी गुरुयोजना सुरु भएको ४५ वर्ष बितिसक्दा पनि अझै पूरा हुन सकेको छैन । पछिल्लो समय हामी घरझगडा र पदाधिकारी तथा कर्मचारी नियुक्तिको विवादमा अल्झिएर शान्ति छविलाई धमिल्याउनेतर्फ लागेका छौं, जुन दुःखद पक्ष हो ।

रूपन्देही जिल्ला भारतसँग जोडिएको नाका हो, जहाँ नेपालकै दोस्रो ठूलो बेलहिया-सुनौली भन्सार नाका छ । यस नाकाबाट भारतीयलगायत अन्य मुलुकका पर्यटकहरू पाल्पा, पोखरा, मुक्तिनाथतर्फ जाने भएकाले उनीहरूलाई रूपन्देहीमै बसाइ लम्ब्याउने वातावरण बनाउनुपर्छ । यस क्षेत्रको विकासमा स्थानीय व्यापारिक प्रतिष्ठानहरू- बुटवल उद्योग वाणिज्य संघ, सिद्धार्थनगर उद्योग वाणिज्य संघ, रूपन्देही उद्योग संघ, रूपन्देही व्यापार संघ, होटल व्यवसायी संघ, कृषि बजार तथा पर्यटन व्यवसायीहरूको सक्रियता सराहनीय छ ।

भैरहवामा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, विशेष आर्थिक क्षेत्र (सेज), बुटवल-भैरहवा ६-लेन सडक, बुद्ध सर्किट, बुटवलको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, तिलोत्तमाको पाँचतारे रिसोर्ट र लुम्बिनी कृषि उपज थोक बजारजस्ता पूर्वाधारहरूले यहाँको पहिचान र सम्भावनालाई झन् उच्च बनाएका छन् ।

तसर्थ, पुरानो आर्थिक केन्द्र बुटवल र विश्वप्रख्यात लुम्बिनीलाई वास्तविक अर्थमा स्वदेशी तथा विदेशी पर्यटकको संगमस्थल बनाउन सकिन्छ । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सुरु गराई तिनाउ नदी र जितगढीलाई पर्यटकीयरूपमा जोड्न सके यस क्षेत्रको सामाजिक, आर्थिक र धार्मिक पर्यटनमा ठूलो क्रान्ति आउने निश्चित छ ।



पहिलेको बटौली, अहिलेको बुटवल

पहिलेको बटौली र अहिलेको बुटवलको आफ्नै इतिहास र पहिचान छ । राणा तथा पञ्चायतकालमा यहाँ नुन, तेल, मरिच-मसला र लत्ताकपडाको व्यापारका लागि ढाक्रेहरूको बाक्लो चहलपहल हुने गर्दथ्यो । पश्चिम नेपालकै प्रमुख व्यापारिक नाका भनेर चिनिने पुरानो बटौली अहिले भने सुनसान प्रायः छ ।

त्यतिबेला व्यापारकै सिलसिलामा विभिन्न जिल्लाका उद्यमी-व्यवसायीहरू मालसामान किनबेचका लागि आउने गर्नाले निकै चहलपहल हुन्थ्यो । सो समयमा तिनाउ नदी पूर्वको भागलाई 'खस्यौली' र तिनाउ पश्चिमको भागलाई 'बटौली' भनिन्थ्यो ।

अहिले वारिपारि दुवै क्षेत्रलाई 'बुटवल' भनेर चिनिन्छ । विगत २५-३० वर्षयता खस्यौलीतर्फ निकै विकास निर्माणका कामहरू भएर आधुनिक सहर बने पनि पारिपट्टिको पुरानो बटौली भने ओझेल पर्दै गएको छ । त्यहाँका पुराना ऐतिहासिक घरहरू निकै जीर्ण बनेका छन् । यद्यपि बुटवल फूलबारीले धेरैको मन खिचेकै छ ।

बुटवल उपमहानगरपालिका वडा नं. १ र २ मा पर्ने यस क्षेत्रको वातावरण प्रदूषित छ भने कतिपय पुराना ऐतिहासिक घरहरू भत्किने अवस्थामा छन् । केही मर्मतसम्भार भए पनि योजनाअनुरूप गरिएका छैनन् भने केही ठाउँ अतिक्रमणको चपेटामा परेका छन् । यहाँ रहेका मठमन्दिरहरू जीर्ण छन् । निर्वाचनका बेला राजनैतिक दलहरूले यो ठाउँलाई 'स्याटेलाइट सहर' वा 'स्मार्ट सिटी' बनाउने नारा अगाडि नसारेका होइनन्; तर भोटको राजनीति क्षणिक भएझैं यो ठाउँले अझै काँचुली फेर्न सकेको छैन ।

जितगढी किल्ला र नयाँ पूर्वाधार

बुटवलमै रहेको विजयको गाथा बोकेको ऐतिहासिक जितगढी किल्ला केही मर्मतसम्भार भए पनि अझै बेवारिसे र ओझेलमा परेझैं देखिन्छ । यसको ऐतिहासिक महत्त्वलाई योजनाबद्ध रूपमा पुरातत्व विभाग र स्थानीय सरकारले विश्वसामु 'बेच्न' (प्रवर्द्धन गर्न) सकेका छैनन् ।

भारतको गुजरात, सिंगापुर, मलेसिया र थारू, मगर, कुमालगायतका विभिन्न जातिको कला, संस्कृति र स्थानीय उत्पादन पाइने व्यवस्था गर्न सके भारतीय पर्यटकहरूलाई ठूलो संख्यामा आकर्षित गर्न सकिन्छ ।

हामीलाई यस्ता कुरा सुरुमा असम्भव लाग्न सक्छन्, तर भारतको गुजरातस्थित अहमेदाबादमा सहरभित्रै साबरमती नदी घुसाएर वरिपरि पर्यटकीय पूर्वाधार निर्माण गरी पर्यटन विकास गरिएको उदाहरण हाम्रै सामुन्ने छ । सिंगापुरको 'मेरिलायन पार्क' पुग्दा बुटवलको मध्यभागबाट बग्ने तिनाउ नदीमा पनि यस्तै पर्यटकीय ताल बनाएर व्यापक सम्भावना खोल्न सकिन्छ भन्ने महसुस हुन्छ ।

अहिलेको पुस्ताले भाषणभन्दा कामको परिणाम खोजेको छ । हाम्रा नेताहरूले नेपाललाई सिंगापुर वा स्विट्जरल्याण्ड बनाउने भाषण त गरिरहन्छन्, तर व्यवहारमा त्यो परिणत हुन सकेको छैन ।

विश्वका कतिपय मुलुकका उजाड भूमिमा पनि कसरी आधुनिक विकास सम्भव भयो भनेर हेर्दा अचम्म लाग्छ । सिंगापुर, मलेसिया, स्विट्जरल्याण्ड, दुबईजस्ता ठाउँ पुग्ने पर्यटकले त्यस्तै अनुभूति गर्छन् । त्यहाँको व्यवस्थित सडक सञ्जाल, स्वच्छ वातावरण, पर्यटकीय संरचना, पुल-पुलेसा र नागरिकहरूको अनुशासित व्यवहार साँच्चै उदाहरणीय छन् ।

विश्वका धेरै विकसित देशहरू नियम, कानुन र चुस्त 'सिस्टम'मा चलेका कारण विकासमा कायापलट भएका हुन् । हामीकहाँ तिनै कुराको कमी छ । त्यहाँका नागरिक र प्रशासकहरू व्यक्तिगत स्वार्थ र सत्ताको राजनीतिभन्दा धेरै माथि उठेर देशको विकासमा केन्द्रित भएका पाइन्छन् ।

मलेसियाको क्वालालम्पुर नजिकै पहाडी क्षेत्रमा रहेको 'गेन्टिङ हाइल्याण्ड'का संरचना हेर्नमात्रै दैनिक ५०औं हजार पर्यटक पुग्छन् । त्यस्तै 'बाटु केभ्स', पुत्राजया, ९०० मिटर अग्लो केएलसिसी (पेट्रोनास) टावर, विभिन्न पार्क, सपिङ मलहरू अचम्मलाग्दोगरी बनाइएका छन् ।

सिंगापुरका पूर्वप्रधानमन्त्री लि क्वान युको पालादेखि त्यहाँ द्रुत विकास भएको हो । त्यहाँ नियम-कानुनमा कुनै सम्झौता हुँदैन र विकासमा राजनीति गरिँदैन । त्यहाँका आकर्षक समुद्री



नवनिर्मित राम्दी पुल | सिद्धार्थ राजमार्गअन्तर्गत स्याङ्जा र पाल्पा जिल्ला जोड्नेगरी स्याङ्जाको गल्याङ-१ राम्दीमा कालीगण्डकी नदीमाथि निर्माण गरिएको अत्याधुनिक डिजाइनको टचुब आर्च ब्रिज । *तस्बिर: रासस*

ताम्सालिङ संयुक्त संघर्ष समितिको संयोजकमा मिङमार तामाङ



■ प्रभाव संवाददाता

काठमाडौं– ताम्सालिङ संयुक्त संघर्ष समितिको संयोजकमा मिङमार तामाङ चयन भएका छन् । शनिवार यहाँ आयोजित समितिको प्रतिनिधि भेलाले तामाङलाई सर्वसम्मत संयोजकमा चयन गरेको हो ।

मोहन गोलेको संयोजकत्वमा गठित नेतृत्व तथा संरचना प्रस्ताव समितिबाट अघि बढाइएको प्रक्रियाअन्तर्गत नयाँ नेतृत्व अनुमोदन गरिएको हो । जिम्मेवारी स्वीकार गर्दै संयोजक तामाङले निवर्तमान नेतृत्वकर्ता डा. गणेश योञ्जन तामाङ, नेपाल तामाङ घेदुङ, सहभागी संघसंस्था तथा राजनीतिक घटक र अग्रजहरूको योगदानप्रति आभार प्रकट गरे ।

समितिमा सहभागी संस्थाहरूको स्वतन्त्र अस्तित्व र स्वायत्तता कायम रहने साझा मञ्चका रूपमा संघर्ष समिति सञ्चालन हुने बताइएको छ । प्रस्तावित संरचनामा नेपाल तामाङ घेदुङबाट संस्थागत प्रतिनिधि सदस्यसचिव रहने तथा सहभागी राजनीतिक घटक र तामाङ संघसंस्थाको सचिवालयमा प्रतिनिधित्व रहने व्यवस्था छ । विस्तृत कार्यविधि र जिम्मेवारी सामूहिक निर्णयबाट टुंग्याइने जानकारी दिइएको छ ।

दृष्टिकोण-२०३५:
"पहिचानबाट नेतृत्वसम्म"

नयाँ नेतृत्वले सन् २०३५ सम्मका लागि तामाङ समुदायको दीर्घकालीन प्रगतिसम्बन्धी आकांक्षा प्रस्तुत गरेको छ । जसमा सक्षम, समावेशी र जवाफदेही नेतृत्वको विकासमार्फत नेपालको लोकतान्त्रिक शासन र सार्वजनिक नीति निर्माणमा प्रभावकारी योगदान गर्ने, शिक्षा, सीप, रोजगारी, कृषि, उद्यम र प्रविधिमा अवसर विस्तार गर्दै परिवार तथा समुदायको आर्थिक क्षमता बलियो बनाउने तथा तामाङ भाषा, ज्ञान, कला र जीवित सम्पदाको संरक्षण तथा पुस्तान्तरणसँगै समुदायको सहभागिता र लाभ सुनिश्चित हुने जिम्मेवार सांस्कृतिक पर्यटन विकासमा योगदान गर्ने उल्लेख गरिएको छ ।

उक्त दृष्टिकोणलाई दीर्घकालीन दिशाका रूपमा प्रस्तुत गरिएको छ । यसअन्तर्गतका कार्यक्रम, स्रोत र मापनयोग्य लक्ष्य सामूहिक छलफल तथा अनुमोदनबाट निर्धारण गरिने बताइएको छ ।

नयाँ कार्यकालका प्राथमिकतामा शिक्षा र सीपमा पहुँच, सार्वजनिक सेवामा समान व्यवहार, जलवायु अनुकूलन र विपद् पूर्वतयारी पनि समावेश छन् । महिला, युवा, अपांगता भएका व्यक्ति तथा आर्थिकरूपमा पछाडि परेका सहभागीलाई संस्थागत काम र निर्णय प्रक्रियामा अर्थपूर्ण अवसर उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिएको छ । ऐतिहासिक विभेद तथा वर्तमान अवसरको अवस्थाबारे प्रमाणमा आधारित अध्ययनलाई प्राथमिकता दिइने, विशेषत: समावेशी तथा आरक्षण व्यवस्थाबाट तामाङ समुदायले प्राप्त गरेको लाभ र पहुँचमा देखिएका अवरोधको तथ्यगत समीक्षा गर्ने प्रस्ताव अघि सारिएको छ ।

सांस्कृतिक अभिलेखनमा तामाङ भाषा, हुईसम्बन्धी ज्ञान, गीत, कथा, संस्कार र पुस्तान्तरण हुँदै आएको सीप समेटदा सम्बन्धित समुदाय तथा ज्ञानधनीको सूचित सहमति, श्रेय र गोपनीयतालाई सम्मान गरिने उल्लेख छ । पहिलो सय दिनमा कार्यविधि र जिम्मेवारी स्पष्ट गर्ने, प्राथमिक आवश्यकताको अध्ययन सुरु गर्ने तथा सीप-रोजगारी र विपद् पूर्वतयारीसम्बन्धी सम्भावित साझेदारी अघि बढाउने प्रस्ताव छ । यी काम उपलब्ध स्रोत र सामूहिक अनुमोदनअनुसार कार्यान्वयन गरिने बताइएको छ ।

पहिरोका कारण मंगलामा १६६ परिवार प्रभावित



म्याग्दी– गत असोज महिनाको दोस्रो साता परेको निरन्तरको झरीपछिको विपद्का कारण म्याग्दीको मंगला गाउँपालिकामा १६६ परिवार प्रभावित भएका छन् । गाउँपालिकाले संकलन गरेको विवरणअनुसार पाँच वटा वडा रहेको मंगलामा १७ घरमा पूर्ण क्षति, ७७ घरमा उच्च र ७२ घर जोखिममा परेका हुन् ।

पहिरो, बाढी र कटानका कारण क्षति पुगेका परिवारलाई अस्थायी बसोबास, राहत वितरण, क्षतिको विवरण संकलन र प्रहरी मुचुल्का तयार पारी पुनर्निर्माण, प्रवलीकरण र पुनर्स्थापनाको प्रक्रिया अघि बढाइएको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले जानकारी दिए । उनका अनुसार मंगला-५ छिसवाङ, वडा नं. २ को भाइवाङ र वडा नं. ४ को महेशलाई जोखिमयुक्त बस्तीका रूपमा नक्सांकन गरिएको छ ।

विपद्का कारण ५७२ रोपनी खेतबारीमा क्षति पुगेको छ भने १२ वटा गोठ पूर्ण र १८ वटामा आंशिक क्षति पुगेको उनले जानकारी दिए । अध्यक्ष रोकाका अनुसार एक-एक वटा ग्रिनहाउस र पोखरीमा क्षति पुगेको छ ।

घरवास गुमाएका र विस्थापितहरूलाई सुरक्षित गाउँमा रहेका आफन्त तथा छिमेकीका घरमा व्यवस्थापन गरिएको मंगला-३ की कार्यवाहक वडाध्यक्ष भेषकुमारी पुनले बताइन् । उनका अनुसार मंगलामा रहेका २० वटा सडक पहिरोले क्षतिग्रस्त भएका छन् ।

सिँचाइ र खानेपानी आयोजनामा पुगेको क्षतिको विवरण संकलन भइरहेको गाउँपालिकाले जनाएको छ । छिसवाङ, सहस्रधारा, तोराखेत र सेराफाँट क्षेत्रमा म्याग्दी नदीले कटान गरेर जोखिम बनाएको छ ।

पहिरोका कारण विस्थापित भएका मंगला-३ बरंजाका गंगाप्रसाद पुर्जाले पुनर्निर्माणको प्रतीक्षामा रहेको बताए । अर्का विस्थापित सुकमाया पुर्जाले बस्तीमाथिको सडकबाट आएको भलका कारण पहिरोबाट विस्थापित भएर गोठमा बस्नुपरेको बताए । आरवाङका कृष्णलाल सापकोटाले तत्काल बस्ती संरक्षण र पहिरो नियन्त्रणको काम नगरे आगामी बर्खामा थप क्षति हुने बताए । *रासस*

महेन्द्रनगरमा दुई आकाशे पुल निर्माण सम्पन्न, तेस्रो निर्माणाधीन

धनुषा– जनकपुरधाम-ढल्केवर छ लेन व्यापारिक सडकअन्तर्गत धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ स्थित महेन्द्रनगर बजारमा निर्माणाधीन दुईवटा आकाशे पुलको निर्माण सम्पन्न भएको छ । पुलमा रङरोगन तथा सौन्दर्यीकरणको काम भइरहेको र चाँडै सर्वसाधारणका लागि सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

मधेस प्रदेशमा पहिलोपटक निर्माण गरिएका यी पुल पैदल यात्रुको आवागमन सुरक्षित र सहज बनाउने उद्देश्यले निर्माण गरिएको सडक डिभिजन कार्यालय मुजेलिया, जनकपुरधामले जनाएको छ ।

सडकमा पैदलयात्रुको चाप बढी हुने महिला विकास चोक र सखुवा चोकमा दुई तथा लक्ष्मीनिया गाउँपालिकामा एउटा गरी तीनवटा आकाशे पुल निर्माणका लागि करिब १० करोड ५० लाख रूपैयाँ लागत अनुमान गरिएको थियो । तीमध्ये महेन्द्रनगरका दुई पुल निर्माण सम्पन्न भएको सडक डिभिजन कार्यालयका प्रमुख डिभिजनल इञ्जिनियर दरोगाप्रसाद साहले जानकारी दिए ।

उनका अनुसार लक्ष्मीनिया गाउँपालिकामा निर्माणाधीन तेस्रो पुलको काम पनि तीव्र गतिमा भइरहेको छ । उक्त पुल मंसिर मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । निर्माण लागतअनुसार महिला विकास चोकको पुलका लागि तीन करोड ३५ लाख रूपैयाँ, सखुवा चोकको पुलका लागि तीन करोड ५७ लाख रूपैयाँ र लक्ष्मीनियाको पुलका लागि तीन करोड ४२ लाख रूपैयाँ विनियोजन गरिएको छ । तीनवटै पुलको लागत मूल्य अभिवृद्धि कर (भ्याट) सहितको हो । पुल निर्माणको जिम्मा दुईवटा निर्माण कम्पनीले पाएका छन् ।

सडक डिभिजन कार्यालयका साइट इञ्जिनियर उज्ज्वल झाका अनुसार प्रत्येक पुलको उचाइ ५.६ मिटर, लम्बाइ २९.४ मिटर र चौडाइ तीन मिटर छ । पुल सञ्चालनमा आएपछि पैदल यात्रुले व्यस्त सडकमा सवारी साधनको जोखिम मोलेर सडक पार गर्नुपर्ने अवस्था अन्त्य हुने उनले बताए । जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले पुल सञ्चालनमा आएपछि सडक दुर्घटनाको जोखिम घट्ने बताए । *रासस*

ब्लाक हर्ष इण्डष्ट्रिज प्रा.लि. द्वारा बाग्मती प्रदेश काठमाडौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं. ७ मा सञ्चालन हुने प्रस्तावित आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीका लागि प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय प्रभाव सम्बन्धी

सार्वजनिक सूचना

(प्रकाशन मिति : २०८३/०७/१६)

प्रस्तावको नाम र ठेगाना	नाम : ब्लाक हर्ष इण्डष्ट्रिज प्रा. लि. ठेगाना: बाग्मती प्रदेश, काठमाडौं जिल्ला तारकेश्वर नगरपालिका, वडा नं. ७ इमेल: blackhorseshoe@gmail.com फोन: ९८५१३२९९२०
प्रस्तावको व्यहोरा	कार्यान्वयन हुने स्थान: बाग्मती प्रदेश, काठमाडौं जिल्ला तारकेश्वर नगरपालिका, वडा नं. ७ प्रस्ताव बारे सामान्य जानकारी: हाल ५०,००० जोर जुत्ता चप्पल, वार्षिक प्रारम्भिक वातावरणीय परीक्षण (IEE) पश्चात: १,०७,००० जोर जुत्ता चप्पल वार्षिक उत्पादन गर्ने लगानीको किसिम: भाडा, कित्ता नं. ८६, ८९ र ९०
प्रभाव पर्न सक्ने जिल्ला/न.पा.	काठमाडौं जिल्ला, तारकेश्वर नगरपालिका, वडा नं. ७

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्ता प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नापा। तथा त्यस क्षेत्राका विधालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सुचना प्रकाशन भएका मितिले १५ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :

प्रस्तावकको नाम र ठेगाना	नाम: ब्लाक हर्ष इण्डष्ट्रिज प्रा. लि. ठेगाना: तारकेश्वर नगरपालिका, वडा नं. ७ बाग्मती प्रदेश, काठमाडौं नेपाल इमेल: blackhorseshoe@gmail.com फोन: ९८५१३२९९२०
परामर्शदाताको नाम र ठेगाना	नाम: जियोस्पासल एन्ड इन्भाएरमेन्टल सोलुसन्स ठेगाना: सूर्यविनायक-२, भक्तपुर इमेल: gesolutions.nepal@gmail.com फोन: ९८५१३६०७९९

साउदीमा रोजगार कम्पनी : SAED INTERNATIONAL FOR ISTIGDAM.
पूर्व स्वीकृति मिति : २०८३/०७/११ | LT. No. 349737 | चलानी नं.६०२६२९७६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम भिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	A/C Welders	2	0	1900	७६,७४७	क.लि. अनुसार	८ घण्टा	६ दिन	क.लि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ कार्तिक २७ गते (13 Nov. 2026) मा हुनेछ ।

रहदोला गरिने वि मेडिकल सर्त गरायो भने भने	रोजगार कम्पनिले मेडिकल सर्त दिने / भदिने	रहदोला गरिने बिमा सर्त गरायो व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट गरायो दिने र कति लाग्ने	भिषा शुल्क गरायो दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गरायो दिने र कति लाग्ने (रसस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरदइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसाईसाई पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम लिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालके एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क गर्नुहोला ।

HAMDAN GLOBAL PVT. LTD.
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Contact No: 01 5915083 / 9802378002 (Vishwas)
9802378002 (Viswas), 9702378007 (Arshad), Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080

युएइमा रोजगार कम्पनी : ALZUMORUD TECHNICAL SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०७/१५ | LT. No. 349883 | चलानी नं. ६०२६२९६३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम भिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners	40	10	1000	४१,२८५	क.लि. अनुसार	८ घण्टा	६ दिन	क.लि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ कार्तिक २३ गते (9th Nov. 2026) मा हुनेछ ।

रहदोला गरिने वि मेडिकल सर्त गरायो भने भने	रोजगार कम्पनिले मेडिकल सर्त दिने / भदिने	रहदोला गरिने बिमा सर्त गरायो व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट गरायो दिने र कति लाग्ने	भिषा शुल्क गरायो दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गरायो दिने र कति लाग्ने (रसस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरदइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसाईसाई पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम लिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालके एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क गर्नुहोला ।

LIC. 1763/081/082
R.B. WHITE AND BLUE CONSULTANTS PVT.LTD.
pingalasthan-9, Kathmandu, Nepal, Contact: 015927843, E-mail : rbwhiteandblueoverseas@gmail.com

युएइमा रोजगार कम्पनी : LAMSAT ALWAN DECORE CONT LLC - SP
पूर्व स्वीकृति मिति : २०८३/०६/१८ | LT. No. 348820 | चलानी नं. ६०२६२९७२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम भिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Sales Officer	2	0	1600	६६,०७०	क.लि. अनुसार	८ घण्टा	६ दिन	क.लि. अनुसार	छ		२ वर्ष
2	Decorator	3	0	1600	६६,०७०							
3	Carpenter	4	0	1600	६६,०७०							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ कार्तिक २३ गते (9th Nov. 2026) मा हुनेछ ।

रहदोला गरिने वि मेडिकल सर्त गरायो भने भने	रोजगार कम्पनिले मेडिकल सर्त दिने / भदिने	रहदोला गरिने बिमा सर्त गरायो व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट गरायो दिने र कति लाग्ने	भिषा शुल्क गरायो दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गरायो दिने र कति लाग्ने (रसस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गरदइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसाईसाई पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम लिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालके एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क गर्नुहोला ।

MOUNT EVEREST INTERNATIONAL OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu N.P.- 3, Bagmati, Nepal, Telephone No. 01 - 5906503

कुवेतमा रोजगार कम्पनी : THE SQUARE RESTAURANT CO.
पूर्व स्वीकृति मिति : २०८३/०४/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१५ | LT. No. 346346 | चलानी नं. ६०२५९५०४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम भिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Service Crew/Waiter	43	0	132	६४,३३२	क.लि. अनुसार	८ घण्टा	६ दिन	क.लि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : FMSC GENERAL TRADING & CONTRACTING CO.
पूर्व स्वीकृति मिति : २०८३/०९/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१५ | LT. No. 342175 | चलानी नं. ६०२५५४८८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	तालिम भिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Waiter/Service Crew /Restaurant Worker	12	0	120	५८,४८४	क.लि. अनुसार	८ घण्टा	६ दिन	क.लि. अनुसार	छ		२ वर्ष

रहदोला गरिने वि मेडिकल सर्त गरायो भने भने	रोजगार कम्पनिले मेडिकल सर्त दिने / भदिने	रहदोला गरिने बिमा सर्त गरायो व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट गरायो दिने र कति लाग्ने	भिषा शुल्क गरायो दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गरायो दिने र कति लाग्ने (रसस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ कार्तिक २३ गते (9th Nov. 2026) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गरदइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीले गई रकम बुझाउनु होला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसाईसाई पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम लिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्बतिमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालके एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहतापनमा सम्पर्क गर्नुहोला ।

1559/079/80
FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला -	प्रति तोला -	प्रति तोला -
२,७२,०००	०	३,६५०

नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको ११औं संस्करण मंसिरमा

नेपालसहित चीन, भारत, पाकिस्तान, बंगलादेश र भुटानलगायतका देशको सहभागिता रहने



■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा आगामी मंसिर १७ देखि २१ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा ११औं नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला २०२६ आयोजना हुने भएको छ । नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहयोग, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रवर्द्धन तथा ललितपुर उद्योग वाणिज्य संघ र नेपाल हस्तकला महासंघको सहआयोजनामा हुन लागेको मेलामा नेपालसहित चीन, भारत, पाकिस्तान, बंगलादेश र भुटानलगायतका देशको सहभागिता रहने छ ।

मेलामा २०० भन्दा बढी स्टलमार्फत स्वदेशी तथा विदेशी वस्तु तथा सेवाको प्रदर्शनी गरिने छ । यस वर्षको मेलामा करिब एक लाख स्वदेशी तथा विदेशी अवलोकनकर्ताको सहभागिता रहने अपेक्षा गरिएको छ ।

मेलाबारे जानकारी दिँदै महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन, निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्न र व्यापारिक गतिविधि विस्तार गर्न यस्ता अन्तर्राष्ट्रिय मेलाको महत्त्वपूर्ण भूमिका रहने बताए । उनले बजारमा माग कमजोर रहेको, निजी लगानी अपेक्षितरूपमा विस्तार हुन नसकेको र उद्योग व्यवसायको मनोबलमा कमी आएको वर्तमान अवस्थामा उपलब्ध वित्तीय स्रोत, ऊर्जा र उद्यमशीलतालाई उत्पादन, लगानी र रोजगारीमा रूपान्तरण गर्नुपर्ने आवश्यकता औंल्याए ।

अध्यक्ष श्रेष्ठले नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलालाई नेपाली उत्पादन तथा सेवालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारसँग जोड्ने महत्त्वपूर्ण व्यावसायिक प्लेटफर्मका रूपमा विकास गरिएको बताए । मेलाले उत्पादक, क्रेता, वितरक, आयातकर्ता तथा निर्यातकर्ताबीच प्रत्यक्ष सम्पर्क स्थापित गर्दै व्यापार विस्तार, लगानी आकर्षण र व्यावसायिक साझेदारी विकासमा सहयोग पुऱ्याउने उनको भनाइ थियो ।

मेलामा नेपाली उत्पादनको अन्तर्राष्ट्रिय पहिचान र बजार विस्तारलाई विशेष प्राथमिकता दिइएको छ । मेड इन नेपाल पेभेलियन तथा विभिन्न वस्तुगत संघका पेभेलियनमार्फत नेपाली उत्पादनको प्रदर्शनी गरिने छ । हस्तकला, कृषि उत्पादन, जडीबुटी, गलैँचा, पश्मिना, चिया, कफी, अलैँची, अदुवा, नेपाली कागज तथा तयारी पोसाकलगायत निर्यात सम्भावना भएका वस्तुलाई मेलामा विशेष स्थान दिइने छ ।

अध्यक्ष श्रेष्ठले नेपाली उत्पादनको गुणस्तर, प्याकेजिङ, ब्राण्डिङ र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्नुपर्नेमा जोड दिए । स्थानीय तथा साना उद्यमीका उत्पादनलाई बजारसम्म पुऱ्याउने, महिला तथा युवा उद्यमशीलतालाई प्रोत्साहन गर्ने र स्वदेशी उत्पादनको व्यावसायीकरणमार्फत रोजगारी सिर्जना गर्ने अवसरका रूपमा पनि मेलालाई उपयोग गर्नुपर्नेमा जोड दिँदै स्तरीय मेलास्थल बनाउन सरकारसँग आग्रह गरे ।

यसैगरी, महासंघका वरिष्ठ उपाध्यक्ष सुरकृष्ण वैद्यले महासंघले नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको नियमित आयोजनाबाट नेपाली उत्पादनको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन, विदेशी लगानी तथा प्रविधि आकर्षण र व्यावसायिक सम्बन्ध विस्तारमा सहयोग पुग्ने विश्वास लिएको बताए । उनले स्थानीयस्तरमा उत्पादित वस्तुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सहयोग पुग्ने बताए ।

मेला समिति सभापति सविन श्रेष्ठले मेलालाई विगतका वर्षभन्दा थप व्यवस्थित, प्रभावकारी र व्यावसायिक बनाउने तयारी भइरहेको जानकारी दिए । उनका अनुसार मेलामा अन्तर्राष्ट्रिय खरिदकर्तालाई आमन्त्रण गरी नेपाली उत्पादक तथा निर्यातकर्तासँग प्रत्यक्ष अन्तरक्रिया र व्यावसायिक भेटघाट गराउने कार्यक्रम तय गरिएको छ । विशेषगरी नेपाली र चिनियाँ व्यवसायीबीच प्रत्यक्ष अन्तरक्रिया कार्यक्रम आयोजना गरिने छ ।

सभापति श्रेष्ठले विभिन्न देशबाट आउने व्यापारिक प्रतिनिधिहरूसँग द्विपक्षीय व्यापार, लगानी तथा व्यावसायिक साझेदारीका सम्भावनाबारे छलफल गरिने बताए । मेलामा हस्तकला, पर्यटन, सूचना तथा प्रविधि, कृषि, ऊर्जा, भवन तथा निर्माण सामग्री, शिक्षा र व्यावसायिक सेवासम्बन्धी छुट्टाछुट्टै स्टल रहने छन् । यसबाट नेपाली व्यवसायीले नयाँ बजार, प्रविधि र व्यावसायिक अवसर पहिचान गर्न सक्ने उनको विश्वास छ ।

स्थानीय उत्पादन तथा साना उद्यमीलाई प्रोत्साहन गर्ने उद्देश्यले महासंघको नेतृत्वमा देशका विभिन्न प्रदेश, जिल्ला तथा वस्तुगत संघमार्फत आयोजना भएका मेलाहरूमा उत्कृष्ट ठहरिएका स्टल तथा उत्पादनलाई यस मेलामा निःशुल्क स्टल उपलब्ध गराउने व्यवस्था गरिएको पनि सभापति श्रेष्ठले जानकारी दिए ।

मेलामा जलविद्युत्, पर्यटन, कृषि प्रशोधन, सूचना प्रविधि तथा उत्पादनमूलक उद्योगलगायत क्षेत्रमा विदेशी लगानी र प्रविधि आकर्षित गर्ने अवसरसमेत सिर्जना हुने अपेक्षा गरिएको छ । सरकार र निजी क्षेत्रबीचको सहकार्य, नीतिगत स्थिरता, लगानीको सुरक्षा तथा व्यवसायमैत्री वातावरण निर्माणले व्यापार र लगानी विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याउने महासंघको विश्वास छ । मेलालाई केवल प्रदर्शनीका रूपमा मात्र नभई व्यापारिक कारोबार, लगानी र दीर्घकालीन व्यावसायिक साझेदारी निर्माण गर्ने अवसरका रूपमा उपयोग गर्न महासंघले स्वदेशी तथा विदेशी व्यवसायी, उद्योगी, उद्यमी र सर्वसाधारणलाई आग्रह गरेको छ ।



ढकमक्क सयपत्री | तिहार पर्वलाई लक्षित गरी दाङको घोराही उपमहानगरपालिका-१४, झिङ्डौरामा लोकेन्द्र मगरले व्यावसायिकरूपमा गरेको सयपत्री फूलखेती । *तस्बिर: रासस*

महाकाली सिँचाइ आयोजना

संरचना बने तर नहरमा पानी आएन

■ महादेव अवस्थी

कञ्चनपुर– महाकाली सिँचाइ आयोजना तेस्रो चरणबाट पाँच हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधाका उपलब्ध गराउने संरचना तयार छन् । आयोजनाको ब्रह्मदेवदेखि शुक्लाफाँटा नगरपालिकाको फुलेलीसम्म २८ किलोमिटर मूल नहर निर्माण भएको वर्षौं भइसक्यो । मूल नहर निमाण भएको क्षेत्रमा किसानको खेतसम्म पानी पुऱ्याउन १४ वटा शाखा नहर निर्माण सम्पन्न भइसकेका छन् भने आठ शाखा नहर निर्माणको अन्तिम चरणमा छन् ।

उक्त क्षेत्रमा पाँच हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने संरचना तयार भए पनि भारतीय पक्षले टनकपुरबाट नहरमा पानी नछाड्दा नहर निर्माण भएको वर्षौं बितिसक्दा पनि पानी सञ्चालन हुनसकेको छैन । महाकाली सिँचाइ आयोजना तेस्रो चरणका आयोजना निर्देशक गणेश मरासिनीले भारतले टनकपुरबाट नहरमा पानी न छोड्दा नहर बने पनि यहाँका किसानले सिँचाइ सुविधा पाउन नसकेको बताए ।

'निर्माण सम्पन्न भएको नहरमा चार वर्षअघि नै परीक्षणसमेत भइसकेको हो, त्यसपछि भारतीय पक्षले नहरमा पानी छोडेको छैन,' उनले भने, 'पाँच हजार हेक्टरमा सिँचाइ उपलब्ध गराउने संरचना तयारी अवस्थामा छन् ।' चार वर्षअघि उक्त नहर परीक्षणका क्रममा टनकपुरबाट आएको पानीले धान दिवससमेत मनाइएको थियो । त्यसपछि भने नहरमा पानी आउन सकेको छैन ।

निर्देशक मरासिनीले टनकपुरबाट पानी छोड्नका लागि थुप्रै प्रयास भए पनि नेसनल हाइड्रोपावर कर्पोरेसन (एनएचपिसी)ले पानी छोड्न नमानेको बताए । 'यसका लागि माथिल्लो निकायबाट पहल हुन जरुरी छ, हामीले पटक-पटक पहल गरिरहेका छौं,' आयोजना निर्देशक मरासिनीले भने, 'यस विषयमा माथिल्लो निकायमा जानकारी गराइसकेका छौं ।'

टनकपुरस्थित एनएचपिसीका कर्मचारीले दिल्लीको आदेश आउनेबित्तिकै पानी छोड्छौं भन्ने जवाफ आयोजना कार्यालयलाई दिने गरेका छन् । दुवै देशका प्रधानमन्त्रीले संयुक्तरूपमा उक्त आयोजनाको उद्घाटन गरेपछि मात्रै नहरमा पानी आउने अवस्था बनेको छ । प्रधानमन्त्री वालेन्द्र शाहको आसन्न भारत भ्रमणका क्रममा यस विषयले प्राथमिकता पाउनसके नेपालले महाकाली सन्धिअनुसार महाकाली नदीबाट पानी पाउने अपेक्षा गरिएको छ ।

'माथिल्लो निकायबाट कूटनीतिक पहल भए नहरमा पानी सञ्चालन हुनेमा हामी आशावादी छौं,' आयोजना निर्देशक मरासिनीले भने, 'केही दिनअघिमात्रै दुवै देशका अधिकारीबीच यस विषयमा काठमाडौंमा छलफल भएको छ ।' उनले मन्त्रालय र भारतीय पक्षले मागेका सूचनासमेत उपलब्ध गराएको बताउँदै नहरमा छिट्टै पानी सञ्चालन हुनेमा आशावादी रहेको बताए ।

महाकाली सन्धि सम्झौताअनुसार भारतीय पक्षले टनकपुरबाट नेपालको सीमासम्म निर्माण गर्नुपर्ने एक हजार २०० मिटर नहर निर्माण सम्पन्न गरिसकेको छ । सन्धि सम्झौताअनुसार टनकपुर ब्यारेजबाट हिउँदमा ३०० क्युसेक र वर्षातमा एक हजार क्युसेक पानी नेपाललले पाउनुपर्ने उल्लेख छ । आव २०६३/६४ देखि सुरु भएको महाकाली सिँचाइ तेस्रो चरणको आयोजनाका लागि सुरुआतदेखि नै पर्याप्त बजेट नहुँदा निर्माणकार्यले गति लिन सकेको थिएन । सरकारले आव २०७६/७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेपछि निर्माणले गति लिएको थियो ।

लक्ष्यअनुसार मूल नहरसहित १५१ किलोमिटर नहर निर्माण भएपछि, कैलाली र कञ्चनपुरको ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्ने छ । आयोजनाका अनुसार हालसम्म १० अर्ब ७४ करोड रूपैयाँ बजेट खर्च भइसकेको छ । चालु आवमा पनि आयोजनाका लागि करिब दुई अर्ब रूपैयाँ बजेट विनियोजन भएको छ । महाकाली सिँचाइ तेस्रो चरणको काम सम्पन्न भए कैलाली र कञ्चनपुरको ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्ने छ । *रासस*

सिक्टा र बबई आयोजनाबाट थप १५० हेक्टरमा सिँचाइ सुविधा

■ प्रभाव संवाददाता

काठमाडौं– राष्ट्रिय गौरवका सिँचाइ आयोजनाहरूले नयाँ क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउन थालेका छन् । जलस्रोत तथा सिँचाइ विभागका अनुसार सिक्टा सिँचाइ आयोजना बाँकेले थप १०० हेक्टर र बबई सिँचाइ आयोजना बर्दियाले थप ५० हेक्टर जमिनमा सतह सिँचाइ सुविधा पुऱ्याएको हो ।

सिक्टा आयोजनाले ५४ करोड तीन लाख रूपैयाँ लागत अनुमानका चारवटा बोलपत्र आह्वान गरिसकेको छ । पुस मसान्तसम्म दुई अर्ब ४८ करोड ३० लाख रूपैयाँबराबरका १७ वटा बोलपत्र आह्वान गर्ने र ३०० हेक्टरमा सिँचाइ पुऱ्याउने लक्ष्य आयोजनाले राखेको छ । बबई आयोजनाले पनि पुस मसान्तसम्म ३०० हेक्टरमा सिँचाइ पुऱ्याउने लक्ष्य लिएको विभागका सूचना अधिकारी रामप्रसाद पौडेलले बताए ।

रानी जमराको भौतिक प्रगति १५ प्रतिशत पुग्यो

विभागका अनुसार रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुर (कैलाली) ले एक अर्ब ३३ करोड ३५ लाख रूपैयाँ लागत अनुमानका छ वटा बोलपत्र आह्वान गरेको छ । आयोजनाको भौतिक प्रगति साउनमा आठ प्रतिशत रहेकामा भदौ मसान्तसम्म १५ प्रतिशत पुगेको छ । वित्तीय प्रगति पनि सोही अवधिमा ५.२५ प्रतिशतबाट बढेर ११.४३ प्रतिशत पुगेको छ । आयोजनाले पुस मसान्तसम्म दुई अर्ब ३० करोड रूपैयाँबराबरका १२ वटा बोलपत्र आह्वान गर्ने, १.५ किलोमिटर तटबन्ध बनाउने र १६० हेक्टर जग्गा उकास गर्ने लक्ष्य राखेको छ ।

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाले भदौ मसान्तसम्म ३.४ प्रतिशत भौतिक र ३.४९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । आयोजनाले पुस मसान्तसम्म ६१ करोड रूपैयाँबराबरका चारवटा बोलपत्र आह्वान गर्ने योजना बनाएको छ । सुनकोशी मरिन डाइभर्सन आयोजनामा भने पुस मसान्तसम्म ९७ हेक्टरमा लिफ्ट सिँचाइ र ६.१८ किलोमिटर तटबन्धको लक्ष्य राखिएको छ ।

नेपालगञ्ज भन्सारबाट तीन महिनामा पाँच अर्ब २४ करोड राजस्व

राँझा (बाँके)– नेपालगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो तीन महिनामा पाँच अर्ब २४ करोड रूपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ ।

चालु आर्थिक वर्ष २०८३/८४ को साउन, भदौ र असोज गरी तीन महिनामा पाँच अर्ब २४ करोड ८९ लाख ८५ हजार रूपैयाँ राजस्व संकलन भएको नेपालगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काले बताए ।

उनका अनुसार यो राजस्व संकलन कूल लक्ष्यको २०.४ प्रतिशतमात्रै हो । साउनका लागि एक अर्ब ८३ करोड ४३ लाख ६८ हजार रूपैयाँ लक्ष्य रहेकामा एक अर्ब ६१ करोड १७ लाख ७३ हजार रूपैयाँ, भदौमा दुई अर्ब नौ करोड ६४ लाख २० हजार रूपैयाँ लक्ष्य रहेकामा एक अर्ब ७४ करोड १२ लाख ५१ हजार रूपैयाँ र असोज महिनामा दुई अर्ब ३५ करोड ८४ लाख ७४ हजार रूपैयाँ लक्ष्य रहेकामा एक अर्ब ८९ करोड चार लाख सात हजार रूपैयाँ संकलन भएको छ ।

साउन महिनामा मासिक लक्ष्यको ८७.८७ प्रतिशत, भदौमा ८३.०६ र असोजमा लक्ष्यको ८०.३१ प्रतिशत राजस्व संकलन भएको छ । गत आव २०८२/८३ मा आफ्नो लक्ष्यअनुसारको राजस्व संकलन गर्न नसकेको नेपालगञ्ज भन्सार कार्यालयलाई चालु आव २०८३/८४ मा थप डेढ अर्ब रूपैयाँ बढाएर लक्ष्य निर्धारण गरिएको छ ।

नेपालगञ्ज भन्सार कार्यालयले गत आव २०८२/८३ मा २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार रूपैयाँ राजस्व संकलनका लागि लक्ष्य रहेकामा करिब ८१.८७ प्रतिशत अर्थात् २० अर्ब ११ करोड ५५ लाख एक हजार रूपैयाँमात्रै असुली गर्न सकेको थियो ।

उक्त भन्सारलाई चालु आव २०८३/८४ मा २६ अर्ब २० करोड ५२ लाख ६५ हजार लक्ष्य निर्धारण गरिएको छ । जुन गत आवको वास्तविक असुलीभन्दा छ अर्ब रूपैयाँभन्दा बढी र गत आवको लक्ष्यभन्दा एक अर्ब ६५ करोड रूपैयाँ बढी हो ।

नेपालगञ्ज भन्सार कार्यालयबाट इन्धन, ट्याक्टर तथा ट्रिलर, पोलिथिन दाना, चामल, खाद्यान्न, फलामलगायतका वस्तुको आयात बढी हुने गरेको छ भने जडीबुटीलगायतका वस्तु तथा सामान निकासी हुने गरेको छ । राजस्व संकलनको वार्षिक लक्ष्य पूरा गर्नका लागि आवश्यक कार्ययोजना बनाइएको सूचना अधिकारी खड्काले बताए । *रासस*

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,

- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु,मृगौलाले काम नगर्ने
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।



मधुमेहबाट बच्न,

- जङ्कफुड,प्रशोधित तथा तारेका पदार्थहरू नखाऔं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- शरीरको तौल सन्तुलित राखौं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ